का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ कात्तिक २०८२
शनिबार
8 November 2025
Saturday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक २६८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

कभर स्टोरी



# कर्पोरेट हाउसमा नयाँ पुस्ता

नेपालका ठुला व्यावसायिक घरानाहरूमा पुस्तान्तरणको लहर सुरु भएको छ । हजुर बुवाको पसलदेखि आमाबुबा हुँदै अहिले नाति पुस्तासम्म पुगेका यी व्यवसायहरूले नयाँ सोच, प्रविधि र सपनासहित देशको उद्योग-व्यवसायलाई नयाँ ऊर्जा दिइरहेका छन् । अघिल्लो पुस्ताको संघर्ष र नयाँ पुस्ताको नवप्रवर्तनबीचको सन्तुलनले नेपालको निजी क्षेत्रलाई अझ प्रतिस्पर्धी बनाउँदै लगेको छ ।

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक

केही वर्षयता व्यवसायी विनोद चौधरीको व्यस्तता चौधरी ग्रुपभन्दा ज्यादा राजनीतिमा बढेको छ । प्रतिनिधि सभा विघटन नहुँदो हो त उनी संसद्तिरै भेटिन्थे । ६० को दशकसम्म अत्यधिक व्यस्त व्यवसायी चौधरीलाई फुर्सद भने अरू कारणले होइन, आफ्नै सन्तानहरूले दिएका हुन् ।

देशकै लिडिङ औद्योगिक प्रतिष्ठान छोराहरूको काँधमा सुम्पेर उनी राजनीतितिर लम्केका छन् । अहिले चौधरीको सक्रियता व्यवसायमा कम, राजनीतिमा ज्यादा देखिन्छ । उनी दुईपटक समानुपातिक सांसद् हुँदै २०७९ को आमचुनावमा प्रत्यक्ष चुनाव लड्न नवलपुर पुगे । नवलपुरमा गाउँबस्ती पुगेर झुपडीमै खाना खाए, मतदाता रिझाए । अनि विकास र समृद्धिको सपना बाँडेर सहजै चुनाव पनि जिते । कांग्रेस महाधिवेशनमा केन्द्रीय सदस्य जितेर कोषाध्यक्ष पनि भए । नेपालका एक मात्र डलर अरबपतिले व्यवसायमा पाएको यो फुर्सदका पछाडि पुस्तान्तरणबाहेक अरू खास कारण छैन । व्यवसाय धान्न नयाँ पुस्ता अघि बढिसकेकैले सम्भव भएको हो । उनका छोराहरू वरुण, निर्वाण र राहुलले अहिले सिजी कम्पनी अघि बढाइरहेका छन् ।

हजुरबुवाले सानो व्यापार गरेको व्यवसायी अहिले नाति पुस्तासम्म आउँदा नेपालको प्रतिष्ठित औद्योगिक प्रतिष्ठान बनिसकेको छ । चौधरी घरानाको नयाँ पुस्ता विदेशमा पढेर पनि स्वदेशमै फर्केर आफ्नो हजुरबुवा र बुबाले अघि बढाएका उद्योग सम्हालेका छन् । नयाँ पुस्ताको नेतृत्वले ती उद्योगमा नयाँ ऊर्जा पनि प्रदान गरेको देखिन्छ ।

१९९० सालको महाभूकम्पअघि जिजुबुवा भुरामल चौधरीको कपडा पसल थियो । हजुरबुबा लुनकरणदास चौधरीले नेपालमा जुट व्यवसायमार्फत चौधरी ग्रुपलाई अघि बढाए । विनोद चौधरी हुँदै अहिले बहुर्राष्ट्रिय कम्पनी बनेको सिजीको नेतृत्व नाति पुस्ताले गरिरहेको छ ।

सिजी मात्र होइन, देशको अर्थतन्त्र धानिरहेका ठुला औधोगिक घरानामा नयाँ पुस्ताको उदय भइसकेको छ । अघिल्लो पुस्ताभन्दा यो पुस्ता विविध कारणले भिन्न छ । अन्तर्राष्ट्रिय स्तरको शिक्षा र नयाँ प्रविधि लिएर स्थापित प्रतिष्ठान सम्हाल्न आएको यो पुस्तासँग नयाँ सोच र उत्साह पनि देखिन्छ । विदेशबाट उच्च शिक्षा र ज्ञान लिएर यो पुस्ता स्वदेशमै लगानी विस्तारमा जुटेको छ ।

तुलनात्मक रूपमा छोटो समयमै ठुलो व्यावसायिक छलाङ मारेको आइएमई ग्रुपको नेतृत्वदायी भूमिकामा पनि नयाँ पुस्ता आइसकेको छ । अथक मेहनतले दुई दशकमै ठुलो व्यावसायिक फड्को मारेका चन्द्रप्रसाद ढकालको आइएमई ग्रुप अग्रणी व्यावसायिक प्रतिष्ठान भइसकेको छ । बाग्लुङको सामान्य परिवारमा जन्मिएका ढकालले २०४५ सालमा वाणिज्य बैंकमा जागिर छोडेर व्यवसायमा लागेयता कहिल्यै पछाडि फर्केर हेर्नुपरेन । ढकाल अहिले निजी क्षेत्रको साझा संस्था नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष छन् । अचेल उनको धेरै समय व्यवसायीका समस्या सुन्ने र निजी क्षेत्रको हित प्रवर्धनमा खर्च हुन्छ । देशकै अग्रणी प्रतिष्ठान सञ्चालकका लागि त्यसरी समय निकाल्न सहज हुँदैन । तर ढकाल भने ढुक्क छन् किनभने कम्पनीको नेतृत्व लिन उनका छोराहरू निशान र सचिन आइसकेका छन् । »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## कामदार छनोट प्रक्रिया निष्पक्ष र विश्वसनीय : इपिएस कोरिया शाखा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ कात्तिक

वैदेशिक रोजगार विभागको इपिएस कोरिया शाखाले दक्षिण कोरियाको इपिएस प्रणालीमार्फत कामदार छनोट प्रक्रिया निष्पक्ष र विश्वसनीय रहेको जानकारी गराउँदै कुनै पनि व्यक्ति, फार्म वा सामाजिक सञ्जालमार्फत दिइएको गलत आवश्वासनप्रति विश्वास नगर्न कामदारहरुलाई आग्रह गरेको छ ।

कुनै पनि व्यक्ति, फर्म वा सामाजिक सञ्जालमार्फत दिइएका गलत आश्वासनप्रति विश्वास नगर्न र यस्ता झुटा प्रचार, गलत सूचना, अफवाहप्रति सचेत रही ठगी हुनबाट जोगिन शाखाले प्रेस विज्ञप्तिमार्फत अनुरोध गरेको छ । साथै शाखाको नाम प्रयोग गरी विभिन्न नक्कली फेसबुक तथा सामाजिक सञ्जालमा अन्य पेज बनाई सेवाग्राहीमा भ्रम फैलाउने गरेको पाइएकाले कोरियन भाषा पढ्दै गरेका र रोष्टरमा रही इसुको प्रतीक्षामा रहेका सबै सरोकारवालालाई यस्ता आधारहीन भ्रमपूर्ण सूचनाको पछाडि नलाग्न इपिएस कोरिया शाखाले अनुरोध गरेको छ ।

नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच सन् २००७ मा रोजगार अनुमति प्रणाली इपिएस सम्झौता भएपश्चात् हालसम्म करिब एक लाख २० हजार नेपाली श्रमिक दक्षिण कोरिया गएर रोजगारीको अवसर प्राप्त गरिसकेका छन् । एचआरडी सर्भिस अफ कोरियाबाट कोरियन भाषा परीक्षा र स्किल टेस्ट भएपश्चात् उत्तीर्ण व्यक्तिलाई रोष्टरमा नाम चढाउन निजहरुको विवरण अनलाइन प्रणाली »» पृष्ठ २ मा

### एकता समितिले पुनर्निर्माण गरेको भवन प्रहरीलाई हस्तान्तरण



काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी सामाखुसी एकता समितिले पुनर्निर्माण गरेको प्रहरी प्रभाग नयाँ बसपार्कको भवन नेपाल प्रहरीलाई हस्तान्तरण गरिएको छ ।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा प्रहरी प्रभाग नयाँ बसपार्कमा आगजनी »» पृष्ठ २ मा

## अशान्त कांग्रेस अन्योलमा महाधिवेशन





जिम्मेवारीमा रहेका नेताहरूले मंसिरमा हुनुपर्ने महाधिवेशनको समय गुजार्नुभयो । अझै भनेको छु, पुस मसान्तभित्र १५औं महाधिवेशन कुनै हालतमा गर्नुपर्छ, गर्न सकिन्छ ।

● **डा. शेखर कोइराला**
**वरिष्ठ नेता**



विशेष महाधिवेशनको माग गरेर फेक हस्ताक्षर गर्नेहरूलाई अनुशासन समितिले कारबाही गरेर पार्टीबाट निकाल्नुपर्छ ।

● **कल्याण गुरुङ**
**केन्द्रीय सदस्य**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक

नेपाली कांग्रेसभित्र पछिल्लो समय अशान्ति र अन्योलता बढेको छ । चार वर्षमा हुनुपर्ने नियमित महाधिवेशन तयारीमा लाग्नुपर्ने कांग्रेसका नेताहरू यतिबेला गुटगत भेला र आरोप प्रत्यारोपमा उत्रिएर दिन गुजारी रहेका छन् । विधानले दिएको समय थप गर्ने व्यवस्थाको उपयोग गर्दै आगामी एक वर्षपछि मात्रै महाधिवेशन गर्ने तयारीमा रहेको कांग्रेस जेनजी आन्दोलनपछि तत्काल महाधिवेशनको बहस सतहमा पुगेको हो । भदौ २३ र २४ को जेनजी आन्दोलनपछि भएको राजनीतिक उलटफेरले महाधिवेशन गराउनैपर्ने बाध्यात्मक अवस्थामा पुगेको नेताहरूको भनाइ छ । तर संस्थापन पक्ष र संस्थापनइतर समूहबीच महाधिवेशकै विषयलाई लिएर पक्ष विपक्षमा भेला भइरहेको छ । संस्थापन पक्षका शीर्ष नेताहरूले प्रतिनिधि सभाको निर्वाचनपछि मात्रै महाधिवेशन गर्न सकिने अडानसहित केन्द्रीय समितिको बैठक होल्ड गरिरहेको छ । तर संस्थापनइतर समूहका नेता डा. शेखर कोइराला र महामन्त्रीद्वय गगन थापा-विश्वप्रकाश शर्मासहितका नेता निर्वाचनअघि १५औं महाधिवेशन वा विशेष महाधिवेशनको पक्षमा खडा भएका हुन् । कांग्रेसमा अहिले महाधिवेशन »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२२ कात्तिक २०८२ शनिबार
8 November 2025 Saturday

कभर स्टोरी

# सिजी हाँकिरहेका वरुण–निर्वाण–राहुल



गत आर्थिक वर्ष २०८०/८१ मा मात्रै ग्रुपले १८ अर्ब ५२ करोड रुपैयाँ कर तिरेको चौधरी ग्रुपको बागडोर छोराहरू वरुण, निर्वाण र राहुल चौधरीको काँधमा आइपुगेको छ। एउटा गतिशील कम्पनीमा उतारचढाव आइरहन्छ। तर नेतृत्वले त्यसलाई कसरी सम्हाल्छ, उसको क्षमता त्यहीबेला देखिने हो। दुई महिनाअघिको जेनजी विद्रोहका क्रममा अराजक समूहको तारोमा चौधरी ग्रुप पनि परेपछि सिजीका प्रबन्ध निर्देशक निर्वाण चौधरीले भनेका थिए थिए, 'हामी पुनर्निर्माण गर्नेछौं, पुनः उठ्नेछौं र अझ बलियो भएर अघि बढ्नेछौं।'

सतुंगलस्थित उद्योग, थापाथलीस्थित अटोमोबाइल्स सो-रुममा आगजनी र तोडफोडले ध्वस्त भएपछि अहिले ललितपुरको सानेपामा रहेको कर्पोरेट अफिसबाट काम भइरहेको छ। हजारौंलाई रोजगारी र राष्ट्रिय अर्थतन्त्रलाई योगदान दिइरहेको कम्पनीमाथिको प्रहारले निजी क्षेत्रलाई लगानी विस्तारमा निरुत्साहित पार्ने चिन्ता सर्वत्र भइरहेका बेला प्रबन्ध निर्देशक चौधरीको प्रतिबद्धताले केही आशा जगायो। फलस्वरूपः दुई महिनामै सिजी फेरि उठिसकेको संकेत दिएको छ।

१९९० सालअघि काठमाडौंको जुद्ध सडक (न्युरोड)मा भुरामल चौधरीले कपडा व्यापार सुरु गरेका थिए। भारतबाट कपडा आयात गरेर सुरु गरेको व्यवसाय यात्रा अहिले देशकै अग्रणी प्रतिष्ठानमा परिणत भएको छ। उनीपछि छोरा लुनकरणदास चौधरीले व्यवसाय अघि बढाए। अनि जन्मियो चौधरी ग्रुप। चौधरी ग्रुप स्वदेशमा मात्र होइन, विदेशमा समेत आफ्नो सञ्जाल विस्तार गरेर बहुराष्ट्रिय कम्पनी बनिसकेको छ। चौधरीको ग्रुपको व्यवसायमा सबैभन्दा ठुलो माइलस्टोन बन्यो, वाइवाई चाउचाउको लोकप्रियता। आज पनि सिजीलाई चाउचाउ कम्पनीका रूपमा मात्र चिन्ने ठुलो जमात छ। वाइवाईको सर्वाधिक बिक्रीबाटै विनोद चौधरीले ठुलो व्यावसायिक छलाङ पारेका हुन्। वाइवाई अहिले भारत, सिक्किम हुँदै धेरै देशमा पुगिसकेको छ।

सिजीले सन् २००६ मा भारतमा पहिलोपटक चाउचाउ उत्पादन सुरु गरेर आफ्नो अन्तर्राष्ट्रिय यात्रा सुरु गरेको थियो। अहिले सर्बिया, बंगलादेश र काजाकिस्तानमा पनि उत्पादन भइरहेको छ। सिजी फुडले पाँच महादेशका ३५ भन्दा धेरै देशमा आफ्नो व्यवसाय विस्तार गरेको छ। नेपालमा सिजी फुड्स, होटेल तथा रिसोर्ट, बैंक, शिक्षा, इलेक्ट्रोनिक्स, टेलिकम, अटोमोबाइल्स, हाइड्रो, पेय पदार्थलगायतमा सिजी ग्रुपको आक्रामक लगानी छ। नेपालका एक मात्र खर्बपतिका रूपमा स्थापित उनै व्यवसायी विनोद चौधरीले व्यावसायिक नेतृत्वमा छोराहरूको काँधमा छाडेर राजनीतिमा होमिएका हुन्। छोरा निर्वाण कम्पनीका प्रबन्ध निर्देशक हुन् भने वरुण र राहुल निर्देशक छन्।




# नाति पुस्ताको हातमा पञ्चकन्या

औद्योगिक घराना पञ्चकन्या ग्रुपको नेतृत्वमा नाति पुस्ता आइसकेको छ। संस्थापक अध्यक्ष प्रेमबहादुर श्रेष्ठले इलाममा किराना पसलबाट सुरु गरेको व्यावसायिक यात्रा इँटा उद्योग हुँदै पञ्चकन्या ग्रुपसम्म आइपुग्यो। अहिले यो देशकै प्रतिष्ठित व्यावसायिक घराना भइसकेको यो परिवारको नाति पुस्ताले पञ्चकन्या ग्रुप हाँकिरहेको छ। प्रेमबहादुरका छोराहरू ध्रुवकुमार र प्रदीपका छोराहरूले पञ्चकन्या ग्रुपलाई औद्योगिक प्रतिष्ठानका रूपमा अघि बढाएका छन्। ध्रुवका छोरा उज्ज्वल र प्रदीपकुमारका छोरा उदीप एवं आशिकले ग्रुप सम्हालेका छन्। पञ्चकन्या ग्रुपको लगानी ट्रेडिङ, हाउजिङ, कन्स्ट्रक्सन, शिक्षा, स्टिल, जलविद्युत्मा छ।

पाँच दशकदेखि पञ्चकन्या ग्रुप नेपाली ब्रान्ड बनिसकेको छ। भैरहवाको कोटिहवामा पञ्चकन्या प्लास्टिक, पञ्चकन्या आइरन र पञ्चकन्या स्टिलको उद्योग स्थापना गरेसँगै पञ्चकन्याले आफ्नो व्यापारमा निरन्तर बढाइरहेको छ। संयुक्त परिवारका रूपमा काम गरिएको पञ्चकन्यामा अहिले तेस्रो पुस्ताले कम्पनीको नेतृत्वमा सघाइरहेका छन्। अहिले कम्पनीमा प्रदीप श्रेष्ठ प्रबन्ध निर्देशकसँगै बन्द्री श्रेष्ठ र उज्जल श्रेष्ठ, उदीप श्रेष्ठ कार्यकारी निर्देशक छन्। यस्तै, आषिक श्रेष्ठ पञ्चकन्याको निर्देशकका रूपमा छन्। हजुरबुवाले सुरु गरेको उद्योगको नेतृत्व कान्छा नाति आषिकसम्म आइपुगेको छ।

# पवन गोल्यानलाई साथ दिइरहेका अक्षय





६० वर्षदेखि नेपालको औद्योगिक क्षेत्रमा लगानी गरिरहेको घराना हो, गोल्यान ग्रुप। टेक्सटायल (कपडा उद्योग)बाट व्यवसाय थालेको यो समूहले आफ्नो व्यवसाय विस्तार गर्दै आएको छ। साढे ६ दशकअघि रियलान्यस स्पिनिङ मिल्सबाट व्यवसाय सुरुवात गरेको गोल्यान ग्रुप अहिले स्थापित औद्योगिक प्रतिष्ठानमा पर्छ। यसले अहिले होटल, ऊर्जा, कृषि, अपार्टमेन्टदेखि बैंक तथा वित्तीय संस्थासम्म लगानी गरिरहेको छ।

सन् १९६० को दशकको सुरुवातमा सोहनलाल गोल्यानलाई तत्कालीन राजा महेन्द्रले उद्योग सञ्चालनका लागि नेपालमा भित्र्याएका थिए। सोहनलालपछि गोल्यान समूहको नेतृत्व पवन गोल्यानले गर्दै आएका छन्।


अहिले गोल्यान समूहमा पवनको छोरा अक्षय गोल्यान कम्पनीहरू नेतृत्व गर्दै छन्। त्यस हिसाबले नाति पुस्ताका ३७ वर्षीय अक्षय गोल्यानले ग्रुप सम्हाल्दै छन्। अमेरिका र दुवईबाट सन् २०१० मा नेपाल फर्किएपछि उनी विस्तारै व्यवसाय सम्हाल्न थालेका हुन्। अक्षय अहिले हजुरबुवाले सुरु गरेको रिलायन्स स्पिनिङ मिल्सको नेतृत्व गरेर नेपालको धागो भारतदेखि टर्कीसम्म पुऱ्याइरहेका छन्। 'माटो' नामक कृषि सामग्री उत्पादन र बजारीकरणसमेत गरिरहेको छ। सन् २०१८ देखि रिलायन्सको जिम्मेवारी सम्हालेका अक्षयले अहिले सिंगो गोल्यान समूहको जिम्मेवारी हेर्न थालेका छन्। उनी अहिले प्रबन्ध निर्देशकका रूपमा समूहका सबै क्षेत्र सम्हाल्न थालेका छन्।

# चन्द्र ढकालको दायाँबायाँ निशान र सचिन



आइएमई ग्रुप छोटो समय मुलुकको ठुलो बिजनेस कम्पनी बनेको छ। बाग्लुङका सामान्य परिवारका चन्द्र ढकाल छोटो समयमा व्यवसायी बिजनेस घराना बनाएका छन्। २०४५ सालमा वाणिज्य बैंकमा जागिर गरेका ढकाल ५ वर्षपछि व्यवसायतिर लागेका थिए। मनी ट्रान्फर व्यवसायमा गरिरहेका ढकाल जब इन्टरनेसनल मनी ट्रान्सफर (आइएमई) खोल त्यसपछि उनको व्यवसायी करियरमा निरन्तर अगाडि बढेको थिए। आइएईपछि बैंकिङ क्षेत्रमा प्रवेश गरेसँगै व्यवसाय क्षेत्रमा स्थापित बन्न पुगे। निजी क्षेत्रको व्यवसायी संगठन नेपाल उद्योग वाणिज्य महासंघको नेतृत्व गरिरहेको ढकालले आफ्नो व्यवसायको नेतृत्व छोरालाई दिँदै गएका छन्। ढकालको व्यवसाय समान्ने काम दुई छोरा निशान र सचिनले गरेका छन्। निशानले अटोमोबाइल हेर्छन् भने सचिनले हस्पिटालिटी हेर्ने गरेका छन्। दुवै जना विदेशबाट म्यानेजमेन्ट पढेका छन्। नेपाल आएका दुवै भाइले अहिले आइएमी ग्रुपको बिजनेसमा जोडिएका छन्। सचिनकै नेतृत्वमा आइएमईको हस्पिटालिटी क्षेत्रको बिजनेस गरिरहेको छ। इला हस्पिटालिटी अन्तरण आइएमई ग्रुप देशैभर होटल क्षेत्रमा लगानी गरिरहेको छ। आइएइमी ग्रुपले अहिले अहिले रेमिट्यान्स, बैंकिङ, इन्स्योरेन्स, पर्यटन तथा होटल, जलविद्यत्, सूचना प्रविधि, अटोमोबाइल, केबलकारलगायतको क्षेत्रमा लगानी गरेको छ।

# एसजी ग्रुपको नेतृत्वमा सुदीप र सुगम



उद्योगी शिवप्रसाद घिमिरेले सुरु गरेको व्यावसायिक कम्पनी हो, एसजी। घिमिरे नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी समिति सदस्य तथा एलपी ग्यास उद्योग संघका पूर्वअध्यक्षसमेत हुन्। एसजी ग्रुप पनि छोटो समय धेरै व्यावसायिक फड्को मार्ने कम्पनीमा पर्छ। विशेषगरी एसजी ग्रुपले ग्यास उद्योगमा लगानी गरेको छ।

एसजीले देशका सात स्थान ग्यास उद्योगमा खोलेको छ। यस्तै, जलविद्युत्, वित्तीय संस्था, शिक्षा, ट्रेडिङ, हस्पिटालिटीलगायतको क्षेत्रमा लगानी छ। शिवप्रसाद घिमिरेको व्यवसायलाई उनका लागि छोरा सुदीप र सुगमले सम्हाल्न थालेका छन्। सुदीप नेपाल युवा उद्यमी मञ्च (एनवाइइएफ)का अध्यक्षसमेत हुन्। उनले समूहको एलपिजी क्षेत्र र वित्तीय संस्थामा हेर्ने गरेका छन्। घिमिरेले इन्दिरा गान्धी नेसनल ओपन युनिभर्सिटीबाट एमबिए गरेर नेपालमै आफ्नो व्यवसाय सम्हालिरहेका छन्।

# सूर्यांशले हाँकिरहेको वैद्य अर्गनाइजेसन

नेपालका प्रतिष्ठित व्यावसायिक घरानामध्ये पर्छ, वैद्य अर्गनाइजेसन। ६ दशक पुरानो वैद्यज् अर्गनाइजेसन्सले नेपालमा निरन्तर लगानी विस्तार गरिरहेको छ। गजानन्द वैद्यले सुरु गरेको व्यवसाय अहिले छोरा हुँदै नाति पुस्ताले नेतृत्व गरेको छ।

अहिले यो कम्पनीमा सुरज वैद्य पुत्र सूर्यांश वैद्य नेतृत्वदायी भूमिकामा आइसकेका छन्। अमेरिकाबाट अध्ययन सकेर फर्किएका सूर्यांश बाबुको मोबिलिटी व्यवसाय विस्तारमा काम गरेका छन्। दुईपांग्रे ब्रान्ड 'एथर'लाई भित्र्याउनेदेखि चार्जिङ स्टेसन विस्तारमा समेत केन्द्रित छन्। सवारीसाधन नेपाल भित्र्याउने ग्रुपका रूपमा बनेको प्रतिष्ठानको पुरानो बिरासत छँदै छ। त्यसमा इँटा थप्दै छन् सूर्यांश। वैद्य अर्गनाइजेसन टोयोटा गाडी चिया, कृषिलगायत व्यापारमा छ। सुरज वैद्य अध्यक्ष रहेको वैद्य अर्गनाइजेसनमा अहिले



छोरा सूर्यांशसँगै छोरी सभानाको पनि प्रवेश भइसकेको छ।

# लक्ष्मी ग्रुपमा अनुभव र अनुकूल



गणेशबहादुर श्रेष्ठ व्यावसायिक समूह लक्ष्मी ग्रुपका अध्यक्ष हुन्। गणेशले आफ्नो श्रीमती लक्ष्मीको नामबाट लक्ष्मी ग्रुप नाम राखेका हुन्। लक्ष्मी मिठाई भण्डारबाट सुरु भएको व्यवसायी यात्रा अहिले घराना व्यवसायका रूपमा स्थापित छ। लक्ष्मी ग्रुप अहिले अटोमोबाइल्स, डन्डी, स्टिल, प्लाटिक, सुजल डेरी उद्योग सञ्चालित छन्। लक्ष्मी ग्रुप ग्रुपको नेतृत्व अहिले नेपाल उद्योग वाणिज्य महासंघको वरिष्ठ उपाध्याक्ष अन्जन श्रेष्ठ गरेका छन्। पारिवारिक व्यवसायका रूपमा लक्ष्मी ग्रुपलाई अहिले गणेशका चार छोराहरू सुनिल श्रेष्ठ, अन्जान श्रेष्ठ, निराजन श्रेष्ठ र निराकर श्रेष्ठले ग्रुपलाई नेतृत्व गरेका छन्। अञ्जनका छोरा अनुभव र अनुकुल श्रेष्ठसमेत लक्ष्मी ग्रुपकै जोडिएर काम गरिहरेका छन्।

# गोल्छा ग्रुपमा सक्रिय सीमा



रामलाल गोल्छाले सुरु गरेको गोल्छा ग्रुप नेपालको अग्रपक्तिको व्यापारिक प्रतिष्ठान हो। रामलालका दुई छोरा हंसराज र हुलासचन्द्रले गोल्छा ग्रुपलाई अगाडि बढाएका छन्। हुलासचन्द्रका छोरा शेखर गोल्छाले अघि बढाएको व्यवसाय अहिले पनि पारिवारिक ग्रुपका रूपमा बिजनेस गरिरहेको छ। अटोमोबाइल र इलेक्टोनिकमा गोल्छा ग्रुपको व्यवसाय राम्रो छ। गोल्छा ग्रुपको नेतृत्व अहिले नातिनी पुस्ताकी सीमाले गरिहेकी छन्। सीमा हिम इलेक्ट्रोनिक्सकी निर्देशक हुन्।

**कर्पोरेट...**

निशानले अटोमोबाइल कम्पनी हेर्छन् भने सचिनले खेलकुद, होटल तथा हस्पिटालिटी क्षेत्रका व्यवसाय हेर्ने गरेका छन्। उनका दुवै छोरा विदेशमा पढेर स्वदेशमा व्यवसाय गर्न फर्किएका हुन्। निशान र सचिन दुवै मेहनतका साथ कम्पनी अघि बढाइरहेका छन्। सचिन भन्छन्, 'पक्कै पनि हामी नयाँ ढंगले जान खोजिरहेका छौं। मेहनत गरिरहेका छौं।'

बाबुको व्यवसायलाई निरन्तर दिँदै आएका नेपाल उद्योग वाणिज्य महासंघकै वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठलाई पनि नयाँ पुस्ताले सघाइरहेको छ। अन्जनका बुबा गणेशबहादुर श्रेष्ठ व्यावसायिक समूह लक्ष्मी ग्रुपका अध्यक्ष हुन्। गणेशले आफ्नो श्रीमती लक्ष्मीको नामबाट लक्ष्मी ग्रुप अघि बढाएका हुन्। पोखरामा लक्ष्मी मिठाई भण्डारबाट सुरु भएको उनको व्यवसायमा अहिले नाति पुस्ताले नेतृत्व गरिरहेको छ। लक्ष्मी ग्रुप अहिले अटोमोबाइल्स, डन्डी, स्टिल, प्लाटिक, सुजल डेरी उद्योग सञ्चालित छन्। पारिवारिक व्यवसायका रूपमा लक्ष्मी ग्रुप गणेशबाट छोराहरू सुनिल श्रेष्ठ, अन्जान श्रेष्ठ, निराजन श्रेष्ठ र निराकर श्रेष्ठ हुँदै नाति पुस्तामा आइसकेको छ। हजुरबुवाले सुरु गरेको व्यवसायलाई अघि बढाउन अञ्जनका छोराहरू अनुभव र अनुकूल आइसकेका छन्।

नेपालमा केही हुँदैन भनेर लगानीको सट्टा विदेश जाने पुस्ता आफैं स्वदेशमा लगानी विस्तारमा जुट्न थालेको छ। त्यसमा धेरै व्यावसायिक घरानाका युवा छन्। पारिवारिक व्यवसायबाट प्रगति गरेका अधिकांश अहिले देशकै प्रतिष्ठित व्यावसायिक ग्रुप बन्न सकेका छन्। गोल्यान ग्रुपले नेपालमा ६० वर्षदेखि व्यवसाय गरिरहेको छ। कपडा उद्योगबाट व्यवसाय थालेको यो समूहको सुरुवात नै रियलान्यस स्पिनिङ मिल्सबाट भएको हो। यस्तै, अहिले होटल, ऊर्जा, कृषि, अपार्टमेन्ट, बैंक तथा वित्तीय संस्थासम्म लगानी गरिरहेको छ। सोहनलालले सुरु गरेको व्यवसाय पवन हुँदै छोरा अक्षय गोल्यानसम्म आइपुगेको छ। गोल्यान ग्रुपको नेतृत्व ३७ वर्षीय अक्षयले लिइरहेका छन्। उनी अहिले ग्रुपका प्रबन्ध निर्देशक हुन्। अर्को औद्योगिक घराना पञ्चकन्या ग्रुपको नेतृत्वमा पनि पुस्तान्तरण देखिएको छ। इलाममा किराना पसलबाट सुरु भएको पञ्चकन्या ग्रुपको यात्रा ५ दशकसम्म पारिवारले नेतृत्वमा चलिरहेको छ। ग्रुपका संस्थापक प्रेमबहादुर श्रेष्ठका नाति पुस्ताले अहिले कम्पनी हाँकिरहेको छ। रामलाल गोल्छाले सुरु गरेको गोल्छा ग्रुपसमेत छोराहरू हंसराज र हुलासचन्द्रले अघि बढाए। नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष रहेका शेखर गोल्छा हुँदै गोल्छा ग्रुपको नेतृत्व अहिले छोरी सीमा गोल्छा आइपुगेको छ।

१ सय ३० वर्ष पुरानो व्यावसायिक घराना केएल दुगड ग्रुपमा समेत नयाँ पुस्ताले कम्पनी हाँकिरहेको छ। किशनलाल दुगड सुरु गरेको उद्यम यात्रामा खाद्य उत्पादनमा छलाङ नै मारेको छ। केएल दुगडले खाद्यान्न, तेल, अन्न, मसला, प्याकेजिङ, निर्माण, बैंकिङ र जलविद्युत् क्षेत्रमा विस्तारित छ। प्रबन्ध निर्देशकका रूपमा समूहको नेतृत्व कुमुद दुगडले गरिरहेका छन्। नयाँ पुस्ताका उद्यमीका रूपमा कुमुदका छोरा सौरभ दुगडले नेतृत्वदायी भूमिकामा छन्।

नेपालको हवाई क्षेत्रमा बुद्ध एयरले हवाई क्षेत्रलाई नै स्थापित बनाएको छ। बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले अहिले बुद्ध एयरको व्यवस्थापनमा नयाँ पुस्तालाई अघि बढाएका छन्। बस्नेतले दुई छोरी आरजु र आस्थालाई नेतृत्वमा व्यवस्थापकीय नेतृत्वमा ल्याएका छन्। बुद्ध एयरको लिडिङ कम्पनीका रूपमा नयाँ पुस्ताले नेतृत्व गरिरहेका छन्।

नेपाल ज्योति ग्रुप, वैद्य ग्रुप, एसजी ग्रुप, केएमजी ग्रुप, साखः ग्रुप, विशाल ग्रुप, शारदा ग्रप, खेतान ग्रुप, त्रिवेणी ग्रुप केएल दुगडदेखि भाटभटेनी र बुद्ध एयरलगायतका व्यावसायिक प्रतिष्ठानमा नयाँ पुस्ता देखिएको छ। उद्यमशिलतामा नयाँ पुस्ताको प्रवेश धेरै रहेको नेपाल युवा उद्यमी मञ्चका अध्यक्ष सुदीप घिमिरे बताउँछन्। त्यसो त पुर्ख्यौली पेसा संसारभरकै अभ्यास हो। तर पछिल्लो पुस्तान्तरणले भइरहेको उद्योग व्यवसायलाई निरन्तरता दिने मात्र होइन, समय सुहाउँदो प्रविधि, विश्वव्यापीकरण र लगानीका क्षेत्र विस्तारमा समेत सम्भावनाको ढोका खोलेको देखिँदै छ। 'औद्योगिक प्रतिष्ठानमा नयाँ पुस्ता आउँदा त्यसले नयाँ ज्ञान, प्रविधि र सोचसहित आउँछ। नेपालमा सानो लगानीबाट व्यवसाय विस्तार गर्न सकिने ठुलो सम्भावना भएकाले यसले युवा पुस्तालाई प्रेरणासमेत दिन्छ,' घिमिरेले भने। अघिल्लो पुस्ताले व्यवसायमा उतारचढाव भोग्दै आए पनि नयाँ पुस्ताको नेतृत्वबाट उद्यमशीलतामा फड्को मार्ने धेरै सम्भावना रहेको उनको बुझाइ छ।

**कामदार...**

(सेन्डिक पब्लिक एजेन्सी सिस्टम, एसपिएएस) मार्फत इपिएस कोरिया शाखाबाट कोरिया पठाउने गरिएको छ।

'एचआरडी सर्भिस अफ कोरिया'को मुख्यालयले उक्त फाइलहरुको रुजु गरी रोष्टरमा नाम चढाउने गर्छ। तत्पश्चात् रोजगारीमा छनोट हुने काम कोरियाको रोजगार तथा श्रम मन्त्रालयअन्तर्गतका जब सेन्टरहरुले फाइल रोजगारदातासमक्ष पुऱ्याउने, रोजगारदाताले श्रमिक छनोट इसु गर्ने, श्रम करार लेबर कन्ट्याक्ट पठाउनेजस्ता काम कोरियाकै रोजगार छनोट प्रणालीबाट हुने शाखाले विज्ञप्तिमार्फत उल्लेख गरेको छ।

'कोरियाले श्रमिक छनोटको प्रक्रिया र सोको जानकारी सम्बन्धित रोष्टरमा भएको व्यक्तिको आइडीमा नै पठाउने गर्दछ। एलसी इसु हुने र नहुने विषयमा शाखाको कुनै पनि भूमिका (पहुँच वा जानकारी) हुँदैन। कोरियन रोजगारदाताले तय गरेको मापदण्डमा पर्ने श्रमिक जब सेन्टरबाट पठाइएको रोष्टरमा सूचीकृत व्यक्ति छनोटमा परेपछि मात्र नेपाली श्रमिक कोरिया जान सक्दछन्। कोरियन भाषा परीक्षा उत्तीर्ण हुँदैमा कोरियामा रोजगारीको कुनै ग्यारेन्टी हुँदैन। कोरियाको प्रचलित कानुन र प्रक्रियाअनुसार कोरियाले तोकेको कोटाभन्दा तेब्बर संख्या वा सोभन्दा पनि बढी नै उत्तीर्ण गराउने गर्छ,' विज्ञप्तिमा भनिएको छ।

**एकता...**

भएको थियो। एकता समितिको आर्थिक सहयोग तथा पहलमा पुनर्निर्माण गरिएको भवन शुक्रबार एक कार्यक्रममार्फत समितिले नेपाल प्रहरीलाई हस्तान्तरण गरेको हो। काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्की र समिति अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीले नवनिर्मित भवनको संयुक्त रूपमा उद्घाटन गरे। समितिले बनाएको दुईतले भवनमा ६४ जना सुरक्षाकर्मीका लागि आवास सुविधा रहेको छ। उद्घाटन कार्यक्रममा अतिरिक्त महानिरीक्षक कार्कीले जेनजी आन्दोलन र त्यसपछिका आगजनी तथा विध्वंसात्मक गतिविधिले संकटमा परेका प्रहरीलाई सहयोग गर्ने सामाजिक संघ-संस्थाको कार्यले प्रहरी र नागरिकबीचको सम्बन्ध अझ मजबुत बनाएको बताए।

उनले जेनजी आन्दोलनका मुख्य उद्देश्य सुशासन र भ्रष्टाचारमुक्त समाज निर्माणसँग सम्बन्धित रहेको उल्लेख गर्दै त्यस्ता चाहनाहरू पूरा गर्न नेपाल प्रहरी प्रतिबद्ध रहेको बताए।

गोँगबु र नयाँ बसपार्क क्षेत्र ठुलो संख्यामा नागरिकको आवागमन हुने, होटल र व्यावसायिक क्षेत्र भएकाले सुरक्षाको दृष्टिले अत्यन्त संवेदनशील रहेको बताउँदै कार्कीले उक्त क्षेत्रमा सुरक्षाको जिम्मेवारी प्रहरीसँगै नागरिकले पनि बराबरी रूपमा लिनुपर्ने औंल्याए।

उनका अनुसार जेनजी आन्दोलनका क्रममा उपत्यकाभित्रका १९३ प्रहरी कार्यालय क्षतिग्रस्त भएका थिए। तीमध्ये हालसम्म १८० भवन नागरिकको सक्रियतामा पुनर्निर्माण भइसकेका छन् भने बाँकी १३ भवन पुनर्निर्माणपछि पनि प्रयोगयोग्य नभएकाले नयाँ निर्माण गर्नुपर्ने अवस्था आएको छ।

अतिरिक्त महानिरीक्षक कार्कीले सेवा प्रवाहमा कुनै पनि दायाँ-बायाँ र पक्षपात नगरी, पहिले आउने सेवाग्राहीलाई पहिले सेवा दिने नीतिमा प्रहरी उच्च मनोबलका साथ काम गर्नुपर्ने निर्देशन समेत दिए।

समितिका अध्यक्ष पाण्डेले शान्ति-सुरक्षाबिना व्यवसाय सञ्चालन र नागरिकको सुरक्षित जीवन असम्भव हुने भएकाले सो क्षेत्रमा रहेका २३९ वटा वैदेशिक रोजगार व्यवसायीका तर्फबाट आर्थिक संकलन गरी प्रहरीका लागि आवश्यक आवास भवन निर्माण गरिएको बताए। उनले भविष्यमा पनि शान्ति-सुरक्षाको कार्यमा समितिको सहयोग निरन्तर रहने प्रतिबद्धता जनाए।

टोखा नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले समुदायस्तरबाट प्रहरी भवन निर्माणमा अग्रसर हुनु अत्यन्त सराहनीय कार्य भएको उल्लेख गर्दै यसले समाजप्रति प्रहरीको आवश्यकता र औचित्यलाई पुष्टि गरेको बताए।

कार्यक्रममा भवन पुनर्निर्माणमा सहयोग गर्ने एकता समिति, भारतीय भुपु गोर्खा सैनिक, मित्रनगर टोल सुधार समिति, लायन्स क्लब इन्टरनेशनल ३२५, नेपाली होटल व्यवसायी संघ, ल्होत्से बहुउद्देश्यीय प्रा.लि. र सामुदायिक सेवा केन्द्रलाई कदर तथा सम्मानपत्र प्रदान गरिएको थियो।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले धन्यवाद मन्तव्य राखेका थिए। कार्यक्रममा प्रहरी वृत्त महाराजगञ्जका प्रमुख प्रहरी नायब उपरीक्षक निरञ्जन थापाले स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा टोखा नगरपालिकाका उपप्रमुख मुरारी तामाङ, सो क्षेत्रमा रहेका वैदेशिक रोजगार व्यवसायी, भुतपूर्व भारतीय सैनिकलगायतको उपस्थित रहेको थियो।

**अशान्त...**

चुनावअघि गर्ने कि पछि गर्ने भन्नेबारे चर्को बहस चलिरहेको छ।

संस्थापनइतर समूहका नेता शेखर कोइरालाले भने केन्द्रीय समितिका नेताहरूले मंसिरमा गर्नुपर्ने नियमित महाधिवेशनको समय गुजारकोप्रति आपत्ति जनाउँदै पुस मसान्तभित्र कुनै हालतमा महाधिवेशन गर्नुपर्ने बताएका छन्। उनले मध्यान्हसँग भने, 'मैले विगत दुई वर्षदेखि पार्टीको विधानअनुसार नियमित महाधिवेशन गर्नुपर्छ भनेर लागिरहें तर जो जिम्मेबारीमा रहेका नेताहरूले अन्तै ध्यान दिनुभयो र समय गुजार्नुभएको छ। अझै भनेको छु कि पुस मसान्तभित्र १५औं महाधिवेशन कुनै हालतमा गर्नुपर्छ गर्न सकिन्छ।'

महामन्त्री गगन थापाले पुसको १६ देखि १९ सम्ममा महाधिवेशन गर्न सकिने तालिका केन्द्रीय समितिको बैठकमा पेस गरेका छन्। सो तालिकाप्रति नेताहरूले पक्ष र विपक्षमा धारणा राखिरहेका छन्। संस्थापन पक्षका युवा नेताहरूले पनि चुनावअगावै महाधिवेशन गरेर जानुपर्ने बताए पनि पुराना नेताहरूले अस्वीकार गरेका छन्। पार्टी प्रवक्ता डा. प्रकाशशरण महतले लोकतन्त्र र देश अहिले अभूतपूर्व संकटबाट गुज्रिरहेको भन्दै आन्तरिक शक्ति संघर्ष छाडेर एकजुट हुन आग्रह गरे। 'केन्द्रीय समितिको छलफल विशेष महाधिवेशन कि महाधिवेशन भन्नेमै सीमित रहनु दुर्भाग्यपूर्ण हो,' उनले भने। संकट समाधान र पार्टीको नेतृत्वदायी भूमिकाबारे छलफल हुनुपर्नेमा त्यो हुन नसकेको उनको टिप्पणी छ। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा विशेष महाधिवेशनको माग गर्दै हस्ताक्षर संकलन भएको थियो। विशेष महाधिवेशनको पक्षमा कांग्रेसमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरेका छन्। उनको अभिव्यक्तिले नेताहरूबीचको दूरी थप बढेको देखिन्छ।

सोही विषयलाई लिएर केन्द्रीय सदस्य कल्याण गुरुङले पार्टीमा विशेष महाधिवेशन माग गर्नेलाई कारबाही गर्नुपर्ने बताए। केन्द्रीय कार्यालय सानेपामा जारी केन्द्रीय समिति बैठकमा उनले विशेष महाधिवेशनको माग गर्दै फेक हस्ताक्षर ल्याइएको आरोप लगाएका हुन्। उनले भनेका छन्, 'विशेष महाधिवेशनको माग गरेर फेक हस्ताक्षर गर्नेहरूलाई अनुशासन समितिले कारबाही गरेर पार्टीबाट निकाल्नुपर्छ।' दुई पक्षबीचको आन्तरिक लडाइँले कांग्रेस अनिर्णीत बनेको छ। गत असोज २८ बाट सुरु भएको केन्द्रीय समितिको बैठक फेरि आइतबारसम्म सारिएको छ। यसले महाधिवेशन, विशेष महाधिवेशन वा आमनिर्वाचनको विषयमा समेत कांग्रेसले केही समय निर्णय गर्न नसक्ने अवस्था देखिएको विश्लेषकले टिप्पणी गरेका छन्।

# १२५ वटा राजनीतिक दल दर्ता, दलहरूले खोजे शान्ति सुरक्षाको ग्यारेन्टी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ कात्तिक

निर्वाचन आयोगमा हालसम्म १ सय २५ वटा राजनीतिक दल दर्ता भएका छन् । शुक्रबारको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले १८ वटा राजनीतिक दलले दर्ताका लागि आयोगमा निवेदन दिएको बताए ।

उनकाअनुसार १८ मध्ये ९ वटा राजनीतिक दलले अघिल्लो आर्थिक वर्षमा कागजात पेस गरेपनि पुग्ने गरी कागजात पेस नगरेकाले विचाराधीन अवस्थामा रहेका छन् । अहिले १८ वटा राजनीतिक दल दर्ता प्रक्रियामा रहेका छन् ।

प्रवक्ता भट्टराईले अहिले निर्वाचन कार्यायोजना प्रकाशित भइसकेको र निर्वाचन कार्यक्रम प्रकाशन गर्न बाँकी रहेको पनि बताए । उच्चस्तरीय निर्वाचन सुरक्षाको बैठक पनि सम्पन्न भइसकेको र



बैठकका निर्णयहरू कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा पठाइसकिएको उनले बताए ।

उनले निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता मंसिर १ देखि १० गतेसम्म राखिएको र कात्तिक मसान्तसम्म दल दर्ताको प्रमाणपत्र प्राप्त गरिसकेका दलहरूले निर्वाचनमा भाग लिन दल दर्ता गर्नसक्ने स्पष्ट पारे ।

राष्ट्रिय सभा सदस्य जगप्रसाद शर्माले सरकारले राजनीतिक दलहरूसँग संवाद गरेर विश्वासमा लिन नसकेको बताए । उनले निर्वाचन स्थलहरू आन्दोलनका क्रममा आगजनी र तोडफोड भएको अवस्थामा निर्वाचनमय वातावरण बनाउन सरकारले नसकेको जिकिर गरे ।

समितिको बैठकमा राष्ट्रिय सभा सदस्य उदयबहादुर बोहराले मुलुकमा संविधान जोगाइराख्न निर्वाचनको विकल्प नभएको बताए । उनले संसद् पुनर्स्थापना भन्दा पनि निर्वाचनमा सहभागी हुनु नै उत्तम विकल्प भएको बताए । शान्ति सुरक्षाको भरपर्दो व्यवस्था सरकारले गर्नुपर्ने उनले बताए ।

बैठकमा राष्ट्रिय सभा सदस्य मोहम्मद खालिदले निर्वाचनको विकल्प नभएको बताए । उनले नयाँ पुस्ताको आन्दोलनबाट हुन लागेको निर्वाचनमा विदेशमा रहेका नेपालीहरूले मतदान गर्न पाउँछन् कि पाउँदैनन् भन्दै प्रश्न गरे ।

राष्ट्रिय सभा सदस्य विष्णुकुमारी सापकोटाले निर्वाचनको विकल्प नभएको बताइन् । मुलुकलाई संकटबाट निकाल्न निर्वाचन जरुरी रहेको उनको भनाइ थियो । जेनजी आन्दोलनको नाममा धेरै क्षति भएको र जेलबाट भागेका कैदीहरूले दुःख दिने तथा प्रहरीबाट लुटिएका हतियार फिर्ता नहुँदा नागरिक त्रसित रहेको उनले बताइन् । बैठकमा सांसदहरूले निर्वाचनमा शान्तिसुरक्षाको सुनिश्चिततामा सरकारको ध्यानाकर्षण गराएका छन् ।

# निर्वाचनअघि महाधिवेशन गर्न सम्पर्क सभापतिहरूको दबाब



**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ कात्तिक

प्रतिनिधिसभाको निर्वाचनअघि १५औं महाधिवेशन गर्न नेपाली कांग्रेस जिल्ला सम्पर्क समन्वय समितिका सभापतिहरूले पार्टी केन्द्रमाथि दबाब बढाएका छन् । निर्वाचनअघि महाधिवेशन नभए नेपाली कांग्रेसको औचित्य समाप्त हुने उनीहरूले निष्कर्ष निकालेका छन् ।

शुक्रबार काठमाडौंमा बैठक बसेर २४ जिल्लाका सम्पर्क समिति सभापतिहरूले प्रतिनिधिसभा निर्वाचन अगावै महाधिवेशन गरेर नयाँ नीतिसहितको नयाँ नेतृत्व चयन गरेर जानुपर्ने निष्कर्ष निकालेको ओखलढुंगा-काठमाडौं सम्पर्क समितिका सभापति खिलानाथ लुईंटेलले बताए ।

'बदलिएको परिस्थितीमा रुपान्तरित, पुर्नगठित र पुर्नजागृत कांग्रेस निर्माण गरेर जानुको विकल्प नरहेको भन्दै उनिहरूले युवापुस्ताको भावना अनुसार युवाहरूको प्रतिनिधित्व समेत सुनिश्चित गरिनुपर्ने हाम्रो निष्कर्ष हो', उनले भनेका छन् । १५औं महाधिवेशनको विषयलाई लिएर करिव एक महिनादेखि बसेको पार्टी केन्द्रीय समितिको बैठक विवाद र आरोप प्रत्यारोपमा अल्झिएको छ । देशभरका महाधिवेशन प्रतिनिधिहरूले समेत समयमै नियमित महाधिवेशनको माग गरिरहेका छन् ।

प्रत्यक चार वर्षमा नियमित हुनुपर्ने कांग्रेसको महाधिवेशन यही मंसिरमा हुनुपर्ने बैधानीक व्यवस्था छ । तर नेताहरू महाधिवेशनको तयारी भन्दा पनि गुटगत राजनीतिमा रूमल्लिइरहेको सन्दर्भमा जिल्ला सम्पर्क समितिका सभापतिहरूले बैठक बसेर पार्टी केन्द्रीय समितिमाथि समयमै महाधिवेशन गर्न दबाब बढाएको बताएका छन् ।

आम मतदाताले अन्तरमनबाट मत दिने कांग्रेस निर्माणका लागी महामन्त्रीहरूले पौष १६-१९ मा १५औं महाधिवेशन गर्ने प्रस्तावित कार्यतालिकाअनुसार केन्द्रीय समितिले निर्णय गरेर जानुपर्ने सम्पर्क सभापतिहरूको धारणा छ । यदि नियमित महाधिवेशन गर्न नसक्ने भए चुनाव अघि वैधानिक व्यवस्थाअनुसार विशेष महाधिवेशनमार्फत नयाँ नेतृत्व चयन गरेर समेत पार्टी नेतृत्वलाई आग्रह गरेका छन् । बैठकमा पूर्वदेखि पश्चिमसम्मका २४ जिल्ला सम्पर्क समितिका सभापतिहरू सहभागी थिए ।

# मोना कतारले गऱ्यो विद्यार्थीलाई न्यानो कपडा वितरण



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २१ कात्तिक

कतारदेखि गृह जिल्लासम्म सामाजिक क्षेत्रमा सक्रिय रहेको म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतारले जिल्लाको एक विद्यालयलाई न्यानो कपडा वितरण गरेको छ । मोना कतारले एक कार्यक्रमका बीच जिल्लाको अन्नपूर्ण गाउँपालिका-६ घारमा रहेको मुना बाल विकास विद्यालयमा अध्ययनरत ११ विद्यार्थीलाई जाडोको न्यानो कपडा हस्तान्तरण गरेको हो ।

मोना कतारका अध्यक्ष बाबुराम भण्डारीको अध्यक्षता तथा सोही वडाका वडा अध्यक्ष रामबहादुर खड्काको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बोल्दै प्रमुख अतिथि खड्काले सहयोगप्रति आभार व्यक्त गरे । उनले कतारमा रहेका सबै म्याग्देलीलाई मोनामा आबद्ध हुन आग्रह गर्दै भविष्यमा मोनासँग मिलेर अझै राम्रा काम गर्न आफू इच्छुक रहेको बताए ।

त्यस्तै कार्यक्रममा आफ्नो धारणा राख्दै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष टंकप्रसाद बुढाथोकीले विद्यालयमा अध्ययनरत विद्यार्थीलाई थप सहयोगको आवश्यकता रहेको बताए । मोना कतारका महासचिव शिव खड्काले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष बाबुराम भण्डारीले घारबाट कतार पुगेका सबैलाई संस्थामा आबद्ध हुन आग्रह गरिदिन त्यहाँका स्थानीयलाई अनुरोध गरेका थिए । कार्यक्रममा मोना कतारका पूर्वमहासचिव कृष्ण शर्मा, गाउँपालिका सदस्य राम पौडेललगायत स्थानीयको उपस्थिति रहेको थियो ।

# धानको समर्थन मूल्य कार्यान्वयन गर्न माग गर्दै किसान संघको ज्ञापनपत्र



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, २१ कात्तिक

धानको न्यूनतम समर्थन मूल्य तत्काल कार्यान्वयन गर्न माग गर्दै कपिलवस्तु किसान संघले सोमबार जिल्ला प्रशासन कार्यालय तौलिहवामार्फत नेपाल सरकारलाई ज्ञापनपत्र बुझाएको छ ।

संघले गृह, अर्थ, कृषि तथा उद्योग मन्त्रालयलाई सम्बोधन गरिएको ज्ञापनपत्रमा किसानको रगत-पसिनाले उत्पादन गरिएको धान व्यापारीहरूले मनपरी दर तोकेर सस्तोमा किन्ने कार्य रोक्न सरकारको हस्तक्षेप आवश्यक रहेको जनाएको छ । मन्त्रिपरिषद्को २०८२ साउन २६ गतेको निर्णयअनुसार धानको न्यूनतम समर्थन मूल्य तोकिए पनि व्यवहारमा त्यसको कार्यान्वयन नदेखिएको किसान संघको आरोप छ । संघका अनुसार बजारमा व्यापारीहरूले तोकिएको मूल्यभन्दा निकै कम दरमा धान किनिरहेका छन्, जसका कारण किसान ऋण र खर्चको दबाबमा परेका छन् ।

धान भित्र्याउने मुख्य सिजन चलिरहेका बेला मूल्य कार्यान्वयन नहुँदा किसानलाई ठूलो आर्थिक संकट परेको संघको भनाइ छ । संघले जिल्ला प्रशासन र प्रहरी प्रशासनलाई बजार अनुगमन कडाइका साथ गर्न, व्यापारी-मिल उद्योगीको मिलेमतोमा मूल्य घटाउने गतिविधि रोक्न र तोकिएको दरमै खरीद सुनिश्चित गर्न आग्रह गरेको छ ।

# मेलम्चीको पानी पूर्ण रूपमा रोकियो

काठमाडौं/मस- आफ्ना माग पूरा नभएको भन्दै भेण्डर, मेलम्ची बाढी पीडितलगायतका समितिहरूको समूहले मेलम्ची खानेपानी काठमाडौं पथान्तरण बन्द गरेका छन् ।

मेलम्ची खानेपानी आयोजना अन्तर्गतको मुहान क्षेत्रमा बिहीबार स्थानीयवासीले काठमाडौं पथान्तरण गरिने पानी बन्द गरेको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक जगरनाथ दासले जानकारी दिए ।

उनले भने, 'गतवर्ष तत्कालीन खानेपानी मन्त्री प्रदीप यादवसँग भएको सम्झौता कार्यान्वयनको माग गर्दै स्थानीयले आज मुहान बन्द गरेका छन् । मुहान बन्द गरिएपछि बिहीबार दिउँसोदेखि काठमाडौंमा आउने मेलम्चीको पानी पूर्ण रूपमा रोकिएको छ ।'

# नेपालगन्ज विमानस्थलमा अत्याधुनिक टर्मिनल भवन




**नेपालगन्ज/मस-** पश्चिम नेपालको नेपालगन्ज विमानस्थलमा अत्याधुनिक टर्मिनल भवन निर्माण भएको छ । तोकिएको समयअघि निर्माण सकिएको उक्त भवन केही दिनमा नेपालगन्ज विमानस्थल टर्मिनल भवन आयोजनालाई हस्तान्तरण गरिने छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले शुक्रबार नेपालगन्ज विमानस्थालमा निर्माण सम्पन्न भएको टर्मिनल भवनको निरीक्षण गर्दै यथाशीघ्र यो टर्मिनल भवन सञ्चालनमा आउने गरी काम भइरहेको जानकारी दिए । उनले पोखरा, भैरहवा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभन्दा गुणस्तरीय भवन निर्माण भएको बताउँदै यसले रोजगारी वृद्धिमा समेत टेवा पुऱ्याउने विश्वास व्यक्त गरे ।

काठमाडौंपछिको ठुलो विमानस्थल मानिएको नेपालगन्ज विमानस्थालबाट भारतको प्रमुख सहर दिल्ली, लखनउ उडान गर्ने उद्देश्य राखिएको उल्लेख गर्दै महानिर्देशक अधिकारीले उडानका सन्दर्भमा नेपाल र भारतबीच छलफल जारी रहेको बताए । 'नेपालगन्ज विमानस्थलको टर्मिनल भवनबाट अन्तरराष्ट्रिय विमानको उडान गर्न पनि सहज हुनेछ,' उनले भने ।

धनी मुलुकबाट नेपाल आएका पर्यटकले यहाँको विमानस्थल हेरेर गरिब देशमा आएको अनभूत गरे विमान तथा उडानको अन्तरराष्ट्रिय व्यापार टिकाउ हुन नसक्ने उल्लेख गर्दै उनले समयको मागअनुसार अत्याधुनिक टर्मिनल भवन निर्माण गरिएको बताए ।

नेपालगन्ज विमानस्थल टर्मिनल भवन आयोजनाका प्रबन्धक नलविक्रम थापाले म्याद सकिनुभन्दा करिब डेढ महिनाअघि निर्माण कम्पनीले काम पूरा गरेको जानकारी दिए । उनका अनुसार सो टर्मिनल भवनका लागि कुल लागत दुई अर्ब ९८ करोड रुपैयाँ रहेको छ । उनले भने, 'काम एकदमै सन्तोषजनक छ, सबै काम गुणस्तरीय छन्, हाम्रा इन्जिनियरको प्रत्यक्ष निगरानीमा काम सम्पन्न भएको छ ।'

शर्मा एन्ड कम्पनीका अध्यक्ष एवं प्रबन्ध निर्देशक रमेश शर्माले करिब दुई महिनाअघि विमानस्थलको टर्मिनल भवनको निर्माण सकिएको उल्लेख गर्दै अन्तर्राष्ट्रिय उडानसमेत गर्न मिल्नेगरी काम भएको बताए । नेपालमा निर्माण व्यवसायीले समयमा काम गर्न सक्दैनन् भन्ने भाष्य बनेको छ, त्यसलाई चिर्न सकिएको उनको भनाइ छ ।

अत्याधुनिक प्रविधि र सुविधा समेटिएको भवनले 'पिकआवर'मा प्रतिघण्टा एक हजार ६०० यात्रुलाई सेवा दिन सक्ने बताइएको छ । विसं २०७९ पुसदेखि काम सुरु गरेको निर्माण कम्पनीले तीन वर्ष अर्थात् आगामी पुसमा सक्नेगरी तीव्रता दिएको थियो । टर्मिनल भवन सेमी बेसमेन्टसहित तीन तलाको छ । जसको बेसमेन्ट कमर्सियल प्रयोजनका लागि निर्माण गरिएको छ ।

पाँच हजार ७५ स्क्वायर मिटरको क्षेत्रफल ओगटेको टर्मिनल भवनभित्र यात्रु चेकजाँच काउन्टर १४, भिआइपी कक्ष तीन, बच्चाका लागि खेल्ने क्षेत्र (चिल्ड्रेन प्लेइङ एरिया) एक, भन्सार र क्वारेन्टिइन चेकजाँचका लागि अलगअलग कक्ष निर्माण गरिएका छन् ।

नयाँ टर्मिनल भवनभित्र बगैंचाका साथै पाँचदेखि १४ मिटर फराकिलो बाटो निर्माण गरिएको छ । टर्मिनल भवनको पेरिफेरिमा ढल निकास तथा बढी भएको पानी निकासका लागि उचित नालाको व्यवस्थापनसमेत गरिएको छ ।

# नदीमा डुबेर बेपत्ता बालकको शव तीन दिनपछि फेला

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ कात्तिक

कात्तिक पूर्णिमाका दिन बागमती नदीमा नुहाउने क्रममा बेपत्ता भएका बालकको शव तीन दिनपछि फेला परेको छ । गत बुधबार नुहाउन गएका सर्लाहीको रामनगर गाउँपालिका-१ निवासी मनोज यादवका १३ वर्षीय छोरा आशिककुमार यादव बागमती नदीमा डुबेर बेपत्ता भएका थिए ।

बालक बेपत्ता भएलगत्तै स्थानीय र प्रहरीले खोजी कार्य सुरु गरेपनि गहिरो पानी र तीव्र बहावका कारण बालकलाई फेला पार्न सकिएको थिएन । तर शुक्रबार सशस्त्र प्रहरी बलको बर्दिवासस्थित विपद् उद्धार गोताखोर टोलीले उनको शव दुर्गा भगवती गाउँपालिका-२ को सीमाना क्षेत्रमा फेला पारेको हो ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका निमित्त सूचना अधिकारी तथा प्रहरी निरीक्षक विन्देश्वर यादवका अनुसार शव फेला परेको सूचना प्राप्त भएपछि प्रहरी चौकी खैर्वा बौहरवा र इलाका प्रहरी कार्यालय गडहियाबाट खटिएको प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले मृतक बालकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलंगवामा पठाएको छ ।

**कृषक बर्गहरुमा कृषि ज्ञानकेन्द्र अर्घखाँचीको अनुरोध**

**प्रकाशित मिति २०८२/०७/२२**

कुनै पनि बाली लगाउँदा अनिवार्य रूपमा माटो परिक्षण गरौ माटो परिक्षणबाट कुन बालीमा कति युरिया डिएपि र पोटास मल प्रयोग गर्ने बारे कृषि ज्ञानकेन्द्रका प्राविधिकसँग जानकारी लिन सकिन्छ । तसर्थ, माटो परिक्षणका लागि कृषि ज्ञानकेन्द्रमा र स्थानीय कृषि विकास शाखाहरूमा सम्पर्क गर्नुहोला । कृषि ज्ञानकेन्द्रबाट निशुल्क रूपमा माटो जाँच गरि मौकाको फाईदा उठाउनुहुन अनुरोध छ । थप जानकारी को लागि **९८५७०६३९२६** मा सम्पर्क राख्नुहोला ।

**अनुरोधक**
**बुद्धिराज घिमिरे कार्यलय प्रमुख तथा**
**कृषि ज्ञानकेन्द्र अर्घाखाँची**

# 'जेनजी फ्रन्ट'को माग– राष्ट्रिय परिचयपत्रका आधारमा मतदान

**काठमाडौं/मस-** नेपाल 'जेनजी फ्रन्ट'ले राष्ट्रिय परिचयपत्रको तथ्यांकका आधारमा निर्वाचनमा केन्द्रमै 'बायोमेट्रिक्स' रुजु गरेर मतदान गर्ने व्यवस्था मिलाउन माग गरेको छ । मतदाता नामावली संकलनमा देखिएको सीमितताले बालिग मतदातामा उत्साह नदेखिएको जनाउँदै फ्रन्टले आगामी निर्वाचनमा नागरिकको मताधिकार सुनिश्चित गर्न सरकार र निर्वाचन आयोगसँग माग गरेको हो ।

'राष्ट्रिय परिचयपत्रमार्फत नागरिकले एकपटक बायोमेट्रिक्स विवरण दिइसकेको अवस्थामा त्यसैका आधारमा मतदान गर्न दिँदा फर्जी मतदानको समस्या नहुने र मतदातालाई समेत सहज हुने भएकाले जनमुखी र समाधानमुखी काम गर्न सम्बद्ध सबैमा अपिल गर्दछौं,' फ्रन्टका संयोजक रक्षा बमद्वारा बिहीबार जारी विज्ञप्तिमा उल्लेख छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि निर्वाचन आयोगले मतदाता नामावली संकलन गरिरहेको छ । मतदाता नामावलीमा नाम दर्ताका लागि बायोमेट्रिक्स गर्न जिल्ला सदरमुकाम पुग्नुपर्ने जटिलताले मतदातामा उत्साह नथपेको संयोजक बमको भनाइ छ ।

निर्वाचन आयोगले यही कात्तिक ३० गतेसम्म नयाँ मतदाता दर्ता गर्न सकिने जनाएको छ । अहिलेसम्म जम्मा एक लाख ३६ हजार मात्र नयाँ मतदाताले नामावली दर्ता गरेका छन् ।

**Bahrain मा रोजगार**

कम्पनी: DEFENCE FORCE SECURITY SERVICES EST. शहर: Bahrain
पूर्व स्वीकृत मिति: २०८१/०७/०४ चलानी नं.: ६०२२६८२७ LT. No.: 312293 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 131 | 50 | स. काममा दक्ष | 120 | ४५,०३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर १ गते (17 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता शाखा मेनपावर कार्यालय सुनसरीमा २०८२ मंसिर २ गते (18 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता होटल ग्राण्ड प्यासिफिक झापा, विर्तामोडमा २०८२ मंसिर ३ गते (19 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता स्वस्तिका काटेज एण्ड गार्डेन रेष्टुरेन्ट बाँके, नेपालगञ्जमा २०८२ मंसिर ४ गते (20 November 2024) मा हुनेछ ।
अन्तर्वार्ता बिश्राम खाना घर कास्की, पोखरामा २०८२ मंसिर ५ गते (21 November 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRUDENTIAL OVERSEAS PVT LTD** License No: 800/065/066
Sinamangal, Kathmandu, Nepal, Tel:- 01-5918914, CONTACT NUMBER : +977 15918914, 9802002013, 9802002035, 9802002032

**ओमन र साउदीमा रोजगार**

कम्पनी : JAWHAR ALWILAYA SPC शहर: MUSCAT
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ चलानी नं.: ६०२४७०८३ LT. No.:333407

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steam Pressing Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ४७,७९७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Washing Malchine Operator | 2 | 0 | | 130 | ४७,७९७ | | | | | | | |

कम्पनी: BAYUTAT AL ARABIYA CONTRACTING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ चलानी नं.: ६०२४७११८ LT. No.: 333420

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: INDIAN SPICES RESTAURANT FOR MEALS शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/२८ चलानी नं.: ६०२३५९७३ LT. No.: 321863 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 8 | 0 | स. काममा दक्ष | 1200 | ४५,२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Nawal Abdulaziz bin Ghazi Al-Hazmi Feed Establishment शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०४/१५ चलानी नं.: ६०२४२१२४ LT. No.: 328280 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 1 | 0 | स. काममा दक्ष | 1800 | ६७,९१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २९ गते (15 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.** Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

**मलेसियामा रोजगार**

कम्पनी: TOP SQUAD SDN BHD शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ चलानी नं.: ६०२४७१२९ LT. No.: 333498

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1700 | ५७,५११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: MUTIARA SECURITY SERVICES SDN. BHD. शहर : MALAYSIA,KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ चलानी नं.: ६०२४७१२८ LT. No.: 333497

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 45 | 0 | स. काममा दक्ष | 1700 | ५७,५११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २९ गते (15 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EMINENCE Recruitment International Pvt Ltd** Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 4110036, 4110040, 9849964370, 9709139159, 9707377701, 9841461232.
Email: info@eminencenepal.com. Web: ww.eminencenepal.com

**मलेसियामा रोजगार**

कम्पनी : SEVEN FORCE SDN.BHD. शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०७/२० चलानी नं.: ६०२४७०८१ LT. No.: 333369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 15 | 0 | स. काममा दक्ष | 1700 | ५७,५११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २९ गते (15 November 2025) मा हुनेछ ।

कम्पनी : NZ SECURITY SERVICES SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ चलानी नं.: ६०२४७०९१ LT. No.: 333446

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1700 | ५७,५११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २९ गते (15 November 2025) मा हुनेछ ।
अन्तर्वार्ता बाजेको सेकुवा पोखरा कास्की वडा नं ९ मा २०८२ कार्तिक ३० गते (16 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BINAMAY INTERNATIONAL PVT. LTD.** श्रम इजाजत पत्र नं. १४६/०५६/०५७
मिनभवन, काठमाडौं, फोन नं. ४१०७२००, ४१०७०७९


## पढ्नेका कुरा...

# डिजिटल युगमा पठन संस्कृति

*डिजिटल युगले सबै कुरा नकारात्मक मात्रै ल्याएको छैन, सकारात्मक दृष्टिले हेर्दा, यसले पठन संस्कृति विस्तार गर्न नयाँ सम्भावना खोलेको छ ।*



■ जनक बराल



विश्व आज तीव्र गतिमा प्रविधिमैत्री बनिरहेको छ। मान्छेको सोच, व्यवहार र जीवनशैली प्रविधिसँग गाँसिँदै गएको छ। विशेषगरी डिजिटल माध्यमको विस्तारले सूचनाको पहुँचलाई असाधारण ढंगले विस्तार गरिदिएको छ । तर यही डिजिटल बाढीले पठन संस्कृतिमा नयाँ चुनौती र सम्भावना दुवै ल्याएको छ। किताबसँगको नातो, पढाइप्रतिको धैर्य र ज्ञान प्राप्तिको तरिका अब अघिल्लो पुस्ताजस्तो रहन सकेको छैन । डिजिटल युगमा पठन संस्कृतिका स्वरूप परिवर्तन भएको छ र यसको प्रभाव गहिरो सामाजिक र बौद्धिक अर्थमा बुझ्न जरुरी छ ।

पहिले पढ्ने भनेको पुस्तकमा डुब्नु, पुस्तकालयको कोठामा बसेर पाना पल्टाउनु अनि पढेका कुरा आत्मसात् गर्नु भन्ने अर्थमा बुझिन्थ्यो । तर अहिले पढ्ने काम मोबाइलको पर्दा, ल्यापटप, ट्याबलेट वा अनलाइन प्लेटफर्ममा सर्ने गरेको छ । अब पढाइ पुस्तकालयको सीमित कोठामा मात्र सीमित छैन, बरु सामाजिक सञ्जाल, ब्लग, अनलाइन मिडिया र ई-पुस्तकहरूमा विस्तार भएको छ। तर यो विस्तारले ज्ञानको गहिराइ बढाएको छ वा सतही बनाएको छ भन्ने प्रश्न भने खुला नै छ ।

नेपालकै सन्दर्भमा हेर्दा, २०६० को दशकसम्म पढाइ मुख्यतया मुद्रित माध्यममै सीमित थियो । तर २०७० पछि इन्टरनेटको पहुँच बढेपछि अनलाइन समाचार, डिजिटल म्यागेजिन र सामाजिक सञ्जालले युवापुस्ताको पठन व्यवहारलाई परिवर्तन गर्न थाल्यो । अहिले धेरैजसो युवाहरू बिहानको चियासँगै समाचारपत्र पल्टाउनेभन्दा पनि मोबाइलमा स्क्रोल गर्न रुचाउँछन् । फेसबुक, एक्स (ट्विटर), टिकटक र युट्युबले पठनभन्दा बढी दृश्य उपभोगको प्रवृत्ति बढाइरहेका छन् । यद्यपि यिनै प्लेटफर्महरूमा अहिले लेख, ब्लग, डिजिटल कथा र कविता पढ्ने नयाँ संस्कृतिसमेत विकास भइरहेको छ ।

एकपटक केही समयअघि काठमाडौंको त्रिपुरेश्वरस्थित पुस्तक प्रदर्शनीमा भेटिएकी एक विश्वविद्यालय विद्यार्थीले भनेकी थिइन्, 'अब किताब पढ्न समय मिल्दैन तर म ई-बुक डाउनलोड गरेर पढ्छु । फोनमा नै हजारौं पुस्तक छ ।' उनको भनाइले देखाउँछ कि डिजिटल प्रविधिले पढ्न सजिलो बनाएको छ तर पढाइको भावनात्मक र एकाग्र अनुभव भने हराउँदै गएको छ। परम्परागत किताबको गन्ध, पाना पल्टाउँदाको अनुभूति र पढ्दापढ्दै ध्यान भंग नहुने वातावरण डिजिटल युगले फेरेको छ ।

अमेरिकी लेखक निकोलस कारले आफ्नो चर्चित पुस्तक 'द स्यालोज वाट द इन्टरनेट इज डोइङ टु वावर ब्रेन्स'मा लेखेका छन्, 'इन्टरनेटले हाम्रो ध्यान स्खलनको प्रवृत्ति बढाएको छ, हामी अब गहिरो सोच्न र लामो समय एकै विषयमा टिक्न सक्दैनौं ।' उनका अनुसार डिजिटल माध्यमले जानकारी त धेरै दिन्छ तर त्यसले ज्ञानको गहिराइ घटाउँछ। यही दृष्टिकोण नेपाली सन्दर्भमा पनि लागू हुन्छ । विद्यार्थीहरू अब जानकारी खोज्न 'गुगल सर्च'मा बढी निर्भर छन् तर त्यस जानकारीलाई आलोचनात्मक रूपमा विश्लेषण गर्ने प्रवृत्ति घट्दै गएको छ ।

यद्यपि डिजिटल युगले सबै कुरा नकारात्मक मात्रै ल्याएको छैन, सकारात्मक दृष्टिले हेर्दा, यसले पठन संस्कृति विस्तार गर्न नयाँ सम्भावना खोलेको छ। हिजो गाउँमा पुस्तकालयको पहुँच थिएन, आज त्यही गाउँका युवाहरू मोबाइलमार्फत विश्वका पुस्तक पढ्न सक्छन्। अनलाइन प्लेटफर्महरू, जस्तै 'वाटप्याड', 'गुड रिड्स', 'अरकाइभ ओआरजी' वा नेपाली वेबसाइट 'मेरो कलम', 'नेपाल रिड्स'जस्ता साइटहरूले नयाँ पुस्तालाई लेखन र पठन दुवैमा जोड्दै लगेका छन्। केही युवाहरूले आफ्ना कथा र कविता फेसबुकमै प्रकाशित गरेर लोकप्रियता पाएका छन्। यसले सिर्जनशीलताको नयाँ बाटो खोलेको छ।

तर अर्को पाटोमा, डिजिटल माध्यमले पढाइलाई छोटा-छोटा सामग्रीमा सीमित गरिदिएको छ । (टु लङ डिड नट रिड) भन्ने संस्कृति व्यापक बनेको छ। अब मान्छे १० पृष्ठको लेख पढ्नभन्दा ३० सेकेन्डको भिडियो हेर्न रुचाउँछ । यसले विस्तारै विचारशील पठनको संस्कृतिलाई खुम्च्याइरहेको छ । समाजमा छिटो बुझ्ने, तुरुन्त प्रतिक्रिया दिने र सतही ज्ञानमा सन्तुष्ट हुने प्रवृत्ति बढ्दै गएको छ । यही कारणले शिक्षाविद्हरूले अहिले 'डिजिटल पठन साक्षरता'को अवधारणा अघि सारेका छन्- जसमा प्रविधिको उपयोग सँगसँगै आलोचनात्मक सोच, गहिरो पढाइ र सूचना छनोट गर्ने क्षमता पनि सिकाइन्छ ।

२०७८ सालमा काठमाडौं विश्वविद्यालयका विद्यार्थीबीच गरिएको एक अध्ययनले देखाएको थियो- ७२ प्रतिशत विद्यार्थीहरू दैनिक २ घण्टाभन्दा बढी समय अनलाइन सामग्री पढ्छन् तर केवल १८ प्रतिशतले मुद्रित पुस्तक नियमित पढ्ने गर्छन् । यो तथ्यांकले देखाउँछ कि पठन संस्कृतिको दिशा अब डिजिटलतर्फ ढल्किएको छ तर गहिरो अध्ययनको परम्परा घट्दै गएको छ ।

यस्तै, एउटा रमाइलो उदाहरण २०७५ सालमा काठमाडौंमा आयोजना भएको 'बुकटोबर फेस्ट' नामक कार्यक्रम हो । यो डिजिटल र मुद्रित दुवै प्रकारका पाठकलाई जोड्ने उद्देश्यले गरिएको थियो। त्यहाँ पुस्तक लेखक र 'बुक ब्लगर'हरूले संयुक्त रूपमा छलफल गरेका थिए- भविष्यमा पुस्तक पढ्ने संस्कृतिलाई कसरी सन्तुलित बनाउने भन्ने विषयमा । एउटा ब्लगरले भनेका थिए, 'डिजिटलले किताब मारेको होइन, बरु किताबलाई नयाँ जीवन दिएको छ ।' वास्तवमा, डिजिटल माध्यमले साहित्य र ज्ञानको प्रसारलाई नयाँ उचाइमा पुऱ्याउन सक्छ, यदि त्यसको सदुपयोग गरियो भने ।

डिजिटल युगमा पठन संस्कृतिको संरक्षण र प्रवर्धनका लागि केही प्रयास पनि भइरहेको छन् । विद्यालय र विश्वविद्यालयहरूले ई-लाइब्रेरीको अवधारणा ल्याएका छन्, जसले विद्यार्थीलाई विश्वभरका शैक्षिक स्रोतहरू पढ्ने अवसर दिएको छ । 'नेपाल रिड्स' अभियानले गाउँ-गाउँमा डिजिटल पुस्तकालय स्थापना गर्न थालेको छ । यसले किताबको पहुँच र पढ्ने संस्कृतिलाई नयाँ रूप दिइरहेको छ । साथै, नेपाली लेखकहरू पनि आफ्ना कृतिहरूलाई ई-बुकका रूपमा उपलब्ध गराउन थालेका छन् । यसले नेपाली साहित्यलाई विश्व बजारसम्म पुऱ्याउने सम्भावना बढाएको छ ।

तर अझै पनि पठन संस्कृति बलियो बनाउन व्यक्तिगत अनुशासन र सामाजिक वातावरण आवश्यक छ। प्रविधिले सुविधा दिएको छ तर पढ्ने बानी भने आन्तरिक अभिरुचिबाट आउँछ। किताब पढ्ने मान्छेले विश्वलाई गहिरो रूपमा बुझ्छ तर स्क्रिनमा सतही रूपमा हेर्नेले केवल क्षणिक ज्ञान पाउँछ । यसैले पठन संस्कृतिको संरक्षणका लागि परिवार, विद्यालय र समाजले संयुक्त प्रयास गर्नुपर्छ।

डिजिटल युगले पठन संस्कृतिलाई चुनौती र अवसर दुवै दिएको छ । प्रविधिले किताबको सट्टा स्क्रिन ल्यायो तर पढ्ने हृदय भने मानिसकै भित्र छ । यदि हामीले डिजिटल साधनलाई साधनकै रूपमा लिएर त्यसलाई ज्ञान, विचार र सिर्जनाको माध्यम बनायौं भने पठन संस्कृति अझ गहिरो, पहुँचयोग्य र सजीव बन्न सक्छ। अन्यथा, सूचना र मनोरञ्जनको बाढीले हाम्रो विचारशीलताको धरातल बगाइदिनेछ । त्यसैले, डिजिटल युगमा पनि पढ्ने कला, सोच्ने क्षमता र बुझ्ने गहिराइ नै मानिसको सच्चा उन्नतिको आधार हो ।

# अधुरो चित्र, पूरा जीवन

कथा



■ रञ्जना बास्ताकोटी

*सायद जीवन पनि चित्रकला जस्तै हो, रंगहरु ठोक्किन्छन्, कतै फैलिन्छन्, कतै मिल्दैनन् । तर अन्तिममा जब चित्र पूरा हुन्छ, त्यसमा पीडा र प्रेम दुवै मिसिएका हुन्छन् ।*

क्यानभासमा रंग मिसाउँदै म केही नयाँ सिर्जना गर्ने प्रयासमा थिएँ । बिहानको उज्यालो झ्यालको पर्दा हुँदै कोठामा छिरेको थियो । कलेजबाट आएर अबेरसम्म चित्र कोर्ने बानी मेरो पुरानो हो । आज पनि त्यही बानी दोहोऱ्याउँदै थिएँ ।

त्यसैबेला ढोका हल्का ढकढकियो। 'भित्र आउनुहोस्', भनें ।

ढोका धकेल्दै मेरी सहकर्मी राधा भित्र पसिन् । उनको अनुहार अँध्यारो थियो । आँखामा निद्राहीनता र बोलीमा चिन्ता ।

'के भयो राधा ? अनुहारमा उज्यालो छैन त,' मैले सोधें ।

उनले ढिलो स्वरमा भनिन्, 'माया, मलाई केही दिन बिदा चाहियो। घर जानै पर्छ।'

'किन ? कलेजमा त प्रोजेक्ट बुझाउने अन्तिम मिति नजिकै छ नि,' मैले अचम्म मान्दै सोधें ।

'छोरी बेपत्ता भएकी छ,' उनले काँपिएको स्वरमा भनिन्, 'गएर कुरा बुझ्नुपर्छ।'

म केहीबेर त स्तब्ध भएँ । 'बेपत्ता ?'

'हो, ऊ केटो लिएर भागेकी रे ! त्यो पनि दलित परिवारको केटो।'

उनको स्वरमा 'दलित' शब्द उच्चारण हुँदा पनि अहिलेको २१औं शताब्दीको एउटा शिक्षित महिला यस्तो सोच्दा मन पोल्यो ।

'राधा, ऊ त तपाईंकी छोरी हो नि । भागेकी छैन होला, आफ्नो बाटो रोजेकी हो । अहिलेको पुस्ता फरक सोच्छ,' मैले सहज स्वरमा भनें ।

राधाले सुँक्कसुँक्क गर्दै भनिन्, 'तर यो त हाम्रो इज्जतको कुरा हो माया । गाउँमा मुख देखाउने ठाउँ छैन । म जाऊँ न ?'

'जानुस् तर कृपया छोरीको खुसी पनि सम्झनुस्,' मैले न्यानो स्वरमा भनें ।

उनी केही नबोली कोठाबाट बाहिरिइन्। उनी गएपछि मेरो मन क्यानभासमा होइन, मेरो अतीतमा पुगेको थियो। राधाको कुरा सुन्दा मेरो पनि पुरानो कथा बल्झियो- जुन कथा म प्रायः कसैलाई सुनाउँदिनँ ।

त्यो बखत म झापा जिल्ला कार्यालयमा जागिर गर्थें। मेरो जीवनमा प्रेम भन्ने शब्दको कुनै अर्थ थिएन, जबसम्म नवराजसँग भेट भएन। ऊ हाम्रो अफिसको नयाँ प्राविधिक थियो। गोरो र गम्भीर अनुहार तर हृदय अत्यन्त सरल ।

पहिलो पटक जब ऊ फाइल लिएर मेरो टेबलमा आयो, मुस्कुराउँदै भन्यो, 'म्याडम, यो रिपोर्टमा साइन चाहियो।'

मैले मुस्कान फर्काएँ तर त्यो सामान्य मुस्कान थिएन- मनमा केही हलचल भयो ।

दिनदिनै भेट, सँगै खाजा र कहिलेकाहीँ अफिसपछि बाटोमा सँगै हिँड्ने क्रम सुरु भयो। नवराजको आत्मीयता र आदरले मेरो मन जित्दै गयो । मैले पनि आफूलाई रोकेकी थिइनँ ।

तर एक दिन उसले भन्यो- 'म त तामाङ हो नि माया, तिम्रो घरले स्विकार्ने छैन ।'

म हाँसें, 'जातले होइन, मान्छेले जीवन चलाउँछ ।'

तर, म गलत रहेछु । जब घरमा कुरा गरें, बुबा तातिएको पानीजस्तै उम्लिए, 'हाम्रो खानदानमा तामाङ ज्वाइँ ? म मर्छु तर यस्तो ज्वाइँ स्वीकार गर्दिनँ !'

त्यो दिन म घर छोडेर नवराजसँग भागें । हामीले सानो कोठा भाडामा लिएर बस्यौं । सुरुवाती दिनहरूमा दुवै गरिबी र प्रेमबिच सन्तुलन खोज्थ्यौं । नवराज काममा जान्थ्यो, म चित्र कोर्थें । हाम्रो संसार सानो थियो तर आत्मीयता ठूलो ।

तर सुखका दिन लामो रहेनन् । ऊ मोटरसाइकल दुर्घटनामा पऱ्यो। एक्कासि म एक्लिएँ- पेटभित्र ऊ छोडेको सन्तान बोकेर ।

बाबुआमाले थाहा पाए । आमा भेट्न आउँदा भनिन्, 'फिर्ता आऊ माया । यो समाज के भन्छ भनेर सोच ।'

मैले शान्त स्वरमा भनें, 'समाज मेरो बच्चालाई नाम दिन सक्दैन आमा । म उसको आमाको नाम नै पर्याप्त ठान्छु ।'

वर्षौं बिते। म काठमाडौं सरें, चित्रकलाको पढाइ पूरा गरें, अहिले यही कलेजमा अध्यापन गर्छु। मेरा छोरा अजय अहिले १२ कक्षामा पढ्दै छन्, कला र संगीतमा असाधारण रुचि छ । आज बिहान जब राधा त्यस्तो मनस्थितिमा मसँग भेटेर गइन्, म आफैंलाई सम्झाएँ- समयले सबै घाउ निको पार्छ तर साँचो समझदारीले मात्र मानिसको दृष्टि बदल्छ । तीन दिनपछि राधा फर्किइन् । अनुहारमा हल्का उज्यालो फर्किएको थियो ।

'कस्तो भयो त घरमा कुरा ?' मैले सोधें ।

'छोरी भेटिएकी रहिछे माया,' उनले सास फेर्दै भनिन्, 'ऊ एउटा सानो बस्तीमा रहेकी थिई । हामी भेट्यौं ।'

'अनि तपाईंले के गर्नुभयो ?'

'पहिले त धेरै रोएँ, कराएँ पनि । तर पछि उसको आँखामा त्यही चमक देखें, जुन कहिले म आफ्नै सपना पूरा गर्न खोज्दा देखाएकी थिएँ। त्यसपछि बोल्न सकिनँ।'

उनको स्वर अब शान्त थियो । 'तिम्रो कुरा सम्झें- छोरीको खुसी सोच्नुपर्छ भनेकी थियौ नि । म मान्छु, म गलत थिएँ ।'

'त्यसो भए अब ?' मैले सोधें ।

'अब म त्यसै केटाको घर जान्छु, छोरीसँग भेटेर आशीर्वाद दिन्छु,' उनले हाँस्दै भनिन्। 'समाज जे भनोस्, मेरी छोरी मेरो माया हो ।'

म मुस्कुराएँ ।

'राधा, तपाईंले आफ्नो जीवनको सबैभन्दा सुन्दर चित्र पूरा गर्नुभयो । अब त्यो चित्रमा कुनै रङ फिका हुँदैन ।'

सायद जीवन पनि चित्रकला जस्तै हो, रंगहरू ठोक्किन्छन्, कतै फैलिन्छन्, कतै मिल्दैनन्। तर अन्तिममा जब चित्र पूरा हुन्छ, त्यसमा पीडा र प्रेम दुवै मिसिएका हुन्छन् । राधा आफ्नो बाटो लागिन् । म फेरि क्यानभास अघि फर्किएँ । ब्रसले सेतो रंग छोप्दै सोचें- कहिलेकाहीँ अधुरो चित्र नै पूरा जीवनको प्रतीक बन्छ ।

## कविता

### मनका फ्रेमभित्रको शान्ति



यामबहादुर थापा मगर

म फोटोका रंगसँग रमाउने मान्छे,
अपरिचित बाटा घाटा, पहाडका मोड,
नदीका धुन, बस्तीका धुलाम्मे बिहान
सबैलाई क्यामेराको आँखाले टिपेर
मनको फ्रेममा टाँस्न खोजिरहन्छु ।
कहिलेकाहीँ
सारीमा सिँगारिएकी युवतीको मुस्कान,
कोकिलको स्वर जस्तै मधुर बोलाइ,
आँखा भिड्ना साथै
अनायासै मनमा चित्र बनेर बस्छ ।
सामाजिक सञ्जालका फोटोहरू,
उपन्यासका वर्णनहरू,
कविहरूले खडा गरेका रूपक
यी सबैले मनमा
एक विशेष स्पर्श दिएर जान्छन् ।
तर मन कहिलेकाहीँ भड्किन्छ,
फोटोका रंग भन्दा
भावनाको गहिराइतिर तानिन्छ
अनि यो तानिएको क्षण मै
एकान्तले प्रश्न सोध्छ कि
'रमाइरहँदा पनि किन यस्तो शून्यता ?'
त्यो बेला बुझ्नुपर्छ ।
सुन्दरता त बाहिर मात्र होइन,
आफूमै पनि हुन्छ ।
फोटोले देखाउने चमक
मनले खोज्ने शान्तिले पूरा गर्छ ।
त्यस दिन आफ्नै आँखा, आफ्नै हृदय
सुन्दरताको स्रोत ठहर्छ,
त्यही दिन मनका सबै तानाबाना
नरमसँग मिलेर बस्छन्
फोटोका रंग जस्तै,
तर मनकै फ्रेमभित्र ।

## कविता

### कविता लेख्दै छु म !



सत्यजीत

कविता लेख्दै छु म !
पर्खालमाथिको बन्दी भएर होइन,
मानवताको घोषणापत्रको सास्ट्रा भएर ।
शब्दहरू अब गहना होइनन्,
यो युगमा कविता हतियार हो,
औजार हो, चेतना हो ।
धर्मको खोल फुकालेर
मानवताको स्वर
उनेको छु, तिमीले रचेका देवीदेवता
किन मौन छन् बलात्कृत चेलीको चित्कारमा ?
किन निदाउँछन्
कुपोषित टुहुराको रोदनमा ?
सहर उज्यालो छु
अन्धविश्वासले टल्किएको ।
तर गोठ, गल्ली र गौंथली
अझै अन्धकारमा डुबेका छन् ।
अब कविता फूलेको फूल होइन,
घुस पैठिएको झ्यालबाट छिरेर
अन्धकार चिर्ने बिजुली हो ।
म अब लेख्छु, जहाँ मन्दिर ठड्याउँथ्यौं,
त्यहाँ विद्यालय बनोस् ।
जहाँ चर्च थियो, अस्पताल होस् ।
जहाँ मस्जिद थियो,
विज्ञान प्रयोगशाला उठोस् ।
जहाँ धर्मगुरुहरू बस्थे,
त्यहाँ श्रमिकका उद्योगहरू फस्टाउँछन् ।
अब सन्देश गुन्जनुपर्छ,
विद्यालयको ढोकाबाट
श्रमिकको पाखुराबाट
महिलाको आँसुबाट
र दलितको रगतबाट ।
अब कविता वियोगी छैन,
न श्रृंगारको पुलिन्दा,
अब कविता चर्को भाषण होइन,
धारिलो संगीन हो,
सत्ताको कर्कश नशा चिर्ने,
अन्धविश्वासको महल भत्काउने ।
कविता अब
कान्ति पथको भीड होइन,
कृषकको सुस्केरो हो,
श्रमिकको झोलामा थन्किएको भोक,
र त्यही भोकबाट फुटेको विवेक हो ।
म लेख्दै छु आज,
सत्यलाई, विज्ञानलाई, विद्रोहलाई ।
तिमीले बिर्सिएको विवेकलाई
फेरि सम्झाउने प्रयत्न गरिरहेछु ।
कविता अब श्रृंगार होइन,
युग बदल्ने उत्तरदायित्व हो ।
शब्द अब अस्त्र हो न्यायको,
सम्बोधन हो क्रान्तिको बिगुल,
र भावनाको जागरण हो !

मध्यान्ह
www.madhyanhadaily.com
२२ कात्तिक २०८२ शनिबार
8 November 2025 Saturday

### जेनजी आन्दोलनको प्रभाव

# बैंकहरूको नाफा घट्यो

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २१ कात्तिक



चालु आर्थिक वर्ष (आव)को पहिलो त्रैमासिक अवधिमा अधिकांश वाणिज्य बैंकको नाफा घटेको छ । अघिल्लो आवको सोही अवधिको तुलनामा वाणिज्य बैंकहरूको नाफामा १८ प्रतिशत बढीले गिरावट आएको हो ।

तथ्यांकअनुसार सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकहरूले समीक्षा अवधिमा १३ अर्ब १४ करोड रुपैयाँ बढी खुद नाफा आर्जन गरेका छन् । जबकि बैंकहरूले अघिल्लो आवको सोही अवधिमा १६ अर्ब १८ करोड बढी खुद नाफा आर्जन गरेका थिए ।

समीक्षा अवधिमा पाँचवटा बैंक मात्रै खुद नाफा आर्जन गर्न सफल भएका छन् । जसमा ग्लोबल आइएमई, सानिमा, एनआइसी एसिया, एभरेस्ट र राष्ट्रिय वाणिज्य बैंक रहेका छन् । ती बैंकले चालु आवको त्रैमासिक अवधिमा सोही अवधिको तुलनामा नाफामा वृद्धि गर्न सफल भएका छन् ।

समीक्षा अवधिमा सबैभन्दा धेरै खुद नाफा भने ग्लोबल आइएमई बैंकले १ अर्ब ८५ करोड ८६ लाख ५० हजार रुपैयाँ गरेको छ । सो बैंकले अघिल्लो आवको सोही अवधिमा १ अर्ब ५१ करोड २१ लाख ४० हजार रुपैयाँ मात्रै खुद नाफा गरेको थियो ।

तर समीक्षा अवधिमा राष्ट्रिय वाणिज्य बैंकले सबैभन्दा धेरै २८९ दशमलव ७७ प्रतिशतले खुद नाफा वृद्धि छ । सो बैंकले समीक्षा अवधिमा ५८ करोड ९७ लाख ३३ हजार रुपैयाँ नाफा आर्जन गरेको छ, अघिल्लो आवको सोही अवधिमा सो बैंकले १५ करोड १३ लाख २ हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

त्यस्तै, समीक्षा अवधिमा सानिमाको १३ दशमलव ८६, एनआइसी एसियाको १० दशमलव ५२ र एभरेस्ट बैंकको ४ दशमलव ५६ प्रतिशत खुद नाफा वृद्धि भएको छ ।

तर चालु आवको त्रैमासिक अवधिमा १५ वटा वाणिज्य बैंकको खुद नाफा भने अघिल्लो आवको सोही अवधिको तुलनामा घट्न पुगेको छ । जसमा सिटिजन्स बैंक इन्टरनेसनलको खुद नाफामा सबैभन्दा धेरै गिरावट भएको छ । समीक्षा अवधिमा सो बैंकको खुद घाटा २२ करोड ४ लाख ११ हजार रुपैयाँ भएको छ । अघिल्लो आवको सोही अवधिमा सो बैंकले १९ करोड ८२ लाख २० हजार रुपैयाँ खुद नाफा आर्जन गरेको थियो ।

समीक्षा अवधिमा अघिल्लो आवको सोही अवधिको तुलनामा कृषि विकासको ९६ दशमलव ९९, एनआइएमबीको ९६ दशमलव ९२, प्रभुको ४६ दशमलव ३३, नेपाल एसबिआईको ३८ दशमलव ४३, लक्ष्मी सनराइजको ३८ दशमलव शून्य ३, एनएमबीको २० दशमलव शून्य ४ र स्टान्डर्ड चार्टर्डको १९ दशमलव ६२ प्रतिशतले खुद नाफा घटेको छ ।

त्यस्तै, माछापुच्छ्रेको १६ दशमलव ९५, सिद्धार्थको १५ दशमलव १७, नबिलको १४ दशमलव ५६, हिमालयनको ३ दशमलव २४, नेपाल बैंकको २ दशमलव ३१, प्राइम कमर्सियलको २ दशमलव २० र कुमारी बैंको २ प्रतिशत खुद नाफामा गिरावट आएको छ । भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको नकारात्मक प्रभाव बैंकिङ क्षेत्रमा परेको विश्लेषकहरूले अनुमान गरेका छन् । बैंकहरूको सञ्चालन लागत, कर्जाको गुणस्तर र तरलता व्यवस्थापनमा देखिएको समस्याका कारण नाफामा असर परेको उनीहरूको तर्क छ । साथै, जेनजी आन्दोलनका कारण अर्थतन्त्रको संरचनामा नै असर पर्न पुगेको, केही नीतिगत व्यवस्थाका कारण आर्थिक क्रियाकलापमा सुस्तता देखिएको र व्यावसायिक वातावरण बन्न नसक्दा निजी क्षेत्रको मनोबलमा असर पर्दा त्यसको असर कर्जा माग र भुक्तानीमा देखिएको बताइन्छ ।

## प्रोटोन इमासद्वारा नारायणगढमा सोरुम विस्तार



**चितवन/मस–** प्रोटोन इमासले शुक्रबार नारायणगढमा नयाँ ३ एस सोरुम (सेल्स, सर्भिस र स्पेयर पार्ट्स) औपचारिक रूपमा उद्घाटन गरेको छ । जगदम्बा मोटर्स प्रालिअन्तर्गत सञ्चालन हुने इलेक्ट्रिक सवारीसाधन ब्रान्डले आफ्नो सोरुम विस्तार गरेको हो ।

चितवन उद्योग वाणिज्य संघका अध्यक्ष सुमनकुमार श्रेष्ठ, सिएनआई चितवनका अध्यक्ष मदन घिमिरे तथा उद्योगपति र समाजसेवी बल गोपाल चुकेको उपस्थितिमा सोरुमको उद्घाटन गरिएको थियो । समारोहमा प्रोटोन इमास ७ को प्रदर्शन र ग्राहकसँग अन्तर्क्रियात्मक सत्रसमेत आयोजना गरिएको थियो ।

नयाँ सोरुमले ग्राहकलाई बिक्री, सेवा र स्पेयर पार्ट्स एकै स्थानमा उपलब्ध गराउँदै पूर्ण इलेक्ट्रिक सवारीसाधनको अनुभव प्रदान गर्ने कम्पनीले जनाएको छ ।

## माउन्टेन इनर्जीद्वारा २१ प्रतिशत बढी लाभांश घोषणा




**काठमाडौं/मस–** माउन्टेन इनर्जी नेपाल लिमिटेडले लाभांश घोषणा गरेको छ । कम्पनीको कात्तिक २० गते बसेको सञ्चालक समितिको बैठकले आर्थिक वर्ष २०८१/८२ को मुनाफाबाट वितरण गर्ने लाभांश प्रस्ताव गरेको कम्पनीले जनाएको छ ।

जसअनुसार कम्पनीले आर्थिक वर्ष २०८१/८२ को मुनाफाबाट सेयरधनीहरूलाई कम्पनीको हालको चुक्ता पुँजीको २० प्रतिशत बोनस सेयर र कर प्रयोजनका लागि १.०५ प्रतिशत नगद लाभांश गरी कुल २१.०५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । कम्पनीको आगामी साधारणसभाले पारित गरेपछि उक्त लाभांश लगानीकर्तामा वितरण हुनेछ ।

कम्पनीले मंसिर २९ गते साधारण सभा आह्वान गरेको छ । कम्पनीले साधारण सभा प्रयोजनका लागि मंसिर १७ गते बुक क्लोज गर्ने निर्णय गरेको छ । मंसिर १६ गतेसम्म कायम सेयरधनीले मात्र कम्पनीको सभामा भाग लिन र प्रस्तावित लाभांश पाउन सक्नेछन् । कम्पनीले हालसम्मकै सबैभन्दा धेरै लाभांश घोषणा गरेको हो । साथै जलविद्युत् कम्पनीमध्ये पनि कम्पनीले प्रस्ताव गरेको लाभांश सबैभन्दा धेरै हो ।

पर्यटनको नयाँ गन्तव्य
लिम्चुङबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाराहा, उदयपुर
कोशी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना
प्रकाशित मितिः २०८२/७/२१

यस कार्यालयबाट मिति २०८२/०६/०७ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित तपशिल अनुसार e-GP मार्फत विद्युतिय माध्यमबाट वोलपत्र आह्वानको सूचना अनुसार अन्तिम मिति भित्र रितपूर्वक पर्न आएका बोलपत्र मध्ये तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | बोलपत्र दाता | बोलपत्र दाताको ठेगाना | कामको विवरण | ठेक्का नं. | कबोल रकम रु. VAT बाहेक |
|---|---|---|---|---|---|
| १. | कार्तिक निर्माण सेवा | लिम्चुङबुङ गा. पा., उदयपुर | पर्यटकीय विकास भवन निर्माण | LRM/UDA/BLDG/NCB/01/2082/083 | १,२१,५१,८६८।१६ |

प्रमुख प्रशासकीय अधिकृत

Besishahar Municipality
Office of Municipal Executive
Besishahar , Lamjung

INVITATION FOR ELECTRONIC BIDS

First Date of Notice Publication: 2082/07/21

1. Besishahar Municipality invites electronic bids from eligible bidders for the procurement of following works under NCB single stage single envelope bidding procedures specified in Public Procurement Act and Regulations. Some of the qualification criteria are mentioned below.

| Contract ID No. | Name of Project | Estimated Amount (NRs) (Without Vat and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| BM/W/NCB/082/083/12 | Construction/Finishing Works of Ward Office Building, Ward No.03 | 33,76,482.36 | 1,00,000 | 3,000 |

2. Bidding Documents is available online and can be downloaded from e-GP system https://www.bolpatra.gov.np/egp/. Intrested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank .

Information to deposit Bid Fee and Bid Security

For Bid Security
Bank Name : Rastriya Banijya Bank Ltd
Account Name : Besishahar Municipality Dharauti Khata (Ga-3)
Account Number : 3040100303000002

For Bid Document Fee
Bank Name: Rastriya Banijya Bank Ltd.
Account Name : Besishahar Municipality Aantarik Rajaswo (Ga-1-1)
Account Number : 3040100301010002

साउदीमा रोजगार
कम्पनी: KIAN SILA OPERATION AND MAINTENANCE COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०४/१३ चलानी नं.: ६०२४१८६१ LT. No.: 327983 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office Cleaner | 2 | 0 | स. काममा दक्ष | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २९ गते (15 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9860049528, 9808840910, 9860924657, 9851068774, 9851035867. E-mail : info@skymanpower.com.np Web.www.skymanpower.com.np

मलेसियामा रोजगार
कम्पनी : MAINLAND SECURITY SDN. BHD. शहर : JALAN
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ चलानी नं.: ६०२४७०८५ L.T. No.: 333382

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 10 | 0 | स. काममा दक्ष | 1700 | ५७,५११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ३० गते (16 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ७३०/०६४/०६५
PRESTIGE ASSOCIATES PVT. LTD.
Baneshwor, Kathmandu, Nepal, Phone No. : 4104101 | 4466770 .

साउदीमा रोजगार
कम्पनी: ZIAD ABDULLAH AL-FIFI FOUNDATION शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ चलानी नं.: ६०२४७०७५ L.T. No.: 333424

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading and Unloading Worker/ Helper | 10 | 0 | स. काममा दक्ष | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २९ गते (15 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

PIGEON H.R. SOLUTIONS PVT. LTD. Govt Lic. No. 1366/074/075
गोंगबु-२६, काठमाडौ, फोन : ०१-४९६५०२२.
Email: pigeonhrsolutions@gmail.com,Website: www.pigeonhr.com

साउदीमा रोजगार
कम्पनी: EYEUN FOR OPTOMETRY SERVICES शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ चलानी नं.: ६०२४७१२७ LT. No.: 333502

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Optometrist | 1 | 0 | स. काममा दक्ष | 4500 | १६९,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक ३० गते (16 November 2025) मा हुनेछ ।

कम्पनी: QANBAR DYWIDAG PRECAST CONCRETE CO. LTD. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०३/३२ चलानी नं.: ६०२४१०६१ LT. No.: 327135 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक २९ गते (15 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. श्रम इजाजत पत्र नं.: ३३६/०५९/०६०
Sinamangal-9, Kathmandu, Tel: +977-1- 4111286, 4111287

ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!
शून्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ।

रोजगारदाता कम्पनी : कम्पास क्याटरिङ सर्भिसेस डब्लुएलएल, कतार
Employer Company : Compass Catering Services WLL. QATAR

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०८२/०७/१६ | चलानी नं.: | ६०२४६७२६ | एल टी नं.: | ३३३०६२ |
| Pre Approval Date: | 2025/11/03 | Invoice No.: | 60246726 | L.T. No.: | 333062 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मिति: | २०८२/०३/१७ | चलानी नं.: | ६०२४०४७० | एल टी नं.: | ३२६५२१ | पून विज्ञापन |
| Pre Approval Date: | 2025/07/01 | Invoice No.: | 60240470 | L.T. No.: | 326521 | Re-Advertisment |

| सि.नं S.N. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 119 | 50 | 1000 | ३८,८७० | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cook | 8 | 0 | 1500 | ५८,३०५ | | | | | | | |

The final interview will be conducted in the office on 24 & 25 November, 2025.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मसिर ८ र ९ गते हुनेछ ।
Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

साथै यसै कम्पनी बाट Handler, Kitchen Steward–Male, Kitchen Steward–Female, Commi II, Female Cleaner, Male Cleaner, Waiter & Waitress को समेत माग भइ आएकोले परामर्शको लागि सम्पर्क गर्नुहुन अनुरोध छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कस्ले व्यहोर्ने Who will bear the Service Fee |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ : ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No.: 822|066|067
Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

कुवेतमा रोजगार
कम्पनी: NAIL STATION LADIES BEAUTY SALON CO/REEM OSAMA QATWANI & PARTNERS देश : KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/०७/२१ चलानी नं.: ६०२४७१२३ LT. No.: 333501

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६५०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hair Dresser | 0 | 10 | | 150 | ६५०९६ | | | | | | | |
| 3. | Nail Technicians | 0 | 15 | | 150 | ६५०९६ | | | | | | | |
| 4. | SPA (MASSAGE THERAPIST) | 0 | 5 | | 150 | ६५०९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कात्तिक २९ गते (15 November 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले | रोजगारदाताले | कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, व्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस बिज्ञापनमा थप केहि बानुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No.: 822|066|067
Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 014379162 | 014379450 | 9863194839 | 9863194834 | 9863194832
Email: apply@vnvnepal.com | Website: vnvnepal.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२२ कात्तिक २०८२ शनिबार
8 November 2025 Saturday

# ‘हर्ष’मा पारिवारिक कथा



**काठमाडौं/मस-** पारिवारिक कथामा आधारित नेपाली चलचित्र ‘हर्ष’ निर्माण गरिएको छ । आगामी मंसिर १२ गतेदेखि नेपालभर प्रदर्शन हुने उक्त चलचित्रको ट्रेलर सार्वजनिक भएसँगै निर्देशक एकता पौडेलले भावना, सम्बन्ध र परिवारकोविषयमा चलचित्र तयार गरेको बताइन् ।

उनले भनिन्, ‘मैले चलचित्रसम्बन्धी अध्यन गरेर पहिलोपटक निर्देशन गरेकी छु । एउटा सुखद परिवारमा बुवा र छोराबीचको सम्बन्धलाई यसमा देखाउने प्रयास गरेकी छु ।’ उनले आफूले पाएको अवसरलाई पूर्णरुपमा सदुपयोग गरेको बताइन् । स्वर्गीय निर्देशक शिव रेग्मीको भाञ्जीको नाता सम्बन्धमा रहेकी पौडेलले आफ्नो मामाका नामका कारण पहिलो पटकको निर्देशनका क्रममा सबैबाट साथ सहयोग पाएको बताइन् ।

अभिनेता सन्तोष पन्तले आफ्नो कलाकारिता यात्रामा पहिलोपटक महिला निर्देशकसँग काम गरेको अनुभव सुनाउँदै भने, ‘मैले धेरै चलचित्रमा काम गरें, तर यसमा भने महिला निर्देशकको निर्देशनमा । अध्ययन गरेर कर्म गर्न आउनुभएकी निर्देशक पौडेलले धेरै मेहनत गर्नुभएको छ । चलचित्र पारिवारिक भएकाले पनि महिला निर्देशकले राम्रो काम गर्नुभएको जस्तो लागेको छ । पछिल्लो अवस्थामा भने चलचित्रलाई सफल बनाउन बजारीकरण गर्न सक्नुपर्छ ।’ दर्शकलाई चलचित्र भवनसम्म आकर्षित गर्ने तथ्यमा ध्यान पुऱ्याउन निर्देशक पौडेलसहित निर्माण समूहलाई उनले आग्रह गरे ।

यसैगरी अभिनेत्री वर्षा राउतले नयाँ समूहसँग काम गर्दा बेग्लै आनन्द भएको बताइन् । ‘निकै रमाइलोसँग चलचित्रमा हामी कलाकारले काम गऱ्यौँ । मेरा लागि अग्रज कलाकारको सामीप्यतामा काम गर्नपाउनु एउटा अवसर थियो । पारिवारिक कथामा चलचित्र बनेको छ, स-परिवार हेर्न आउँदा व्यक्त गर्न नसकिरहेको तथ्यलाई चलचित्रले व्यक्त गर्छ जस्तो लागेको छ’, उनले भनिन् ।

उक्त चलचित्रमा एक परिवारमा छोराको विवाहपछि वंशअगाडि बढाउने विषयमा बाउछोराका बीच हुने उतारचढावलाई देखाइएको छ । सो चलचित्रमा खगेन्द्र लामिछाने, नीर शाह, शर्मिला मल्ल, माओत्से गुरुङ, विशाल पहाडी, नीमा पाण्डे, लुनिभा तुलाधर, अंशु महर्जन, रेनु प्रधान, सुवर्ण थापा, श्रृष्टि महर्जनलगायतका कलाकारले अभिनय गरेका छन् ।

# ‘जारी २’ र ‘मनबिनाको धन’ एकसाथ प्रदर्शनमा







**काठमाडौं/मस-** लिम्बू संस्कृति बोकेको चलचित्र ‘जारी २ : सङ अफ च्याब्रुङ’ र सामाजिक सन्देश बोकेको ‘मन बिनाको धन’ एकसाथ शुक्रबारदेखि प्रदर्शनमा आएका छन् ।

यी दुवै चलचित्रले दर्शकलाई मनोरञ्जन दिने अपेक्षा गरिएको छ । उपेन्द्र सुब्बाको लेखन तथा निर्देशनमा बनेको ‘जारी २ : सङ अफ च्याब्रुङ’ यसअघि विसं २०८० मा प्रदर्शन भएको ‘जारी’ को दोस्रो शृंखला हो । लिम्बू समुदायको च्याब्रुङ नृत्य र सांस्कृतिक पहिचानलाई केन्द्रित गरेको चलचित्रले माओवादी द्वन्द्वको समयमा एक दम्पतीको जीवनमा आउने उतारचढावको कथालाई चित्रण गरेको छ । ‘यस चलचित्रबाट हामीले संस्कृतिसँगै समाज र परिवेशलाई पनि जोड्ने कोसिस गरेका छौं,’ उनले भने । उक्त चलचित्रमा दयाहाङ राई, मिरुना मगर, विजय बराल, बुद्धि तामाङ, ऋचा शर्मा, पुष्कर गुरुङलगायतका कलाकारले अभिनय गरेका छन् । बाँसुरी फिल्म्स र कबड्डी फिल्म्सद्वारा निर्माण गरिएको चलचित्रले पहिलो दिन नेपालभर २६९ भन्दा बढी शो पाएको निर्माण पक्षले जानकारी दिएको छ ।

यसैगरी शुक्रबारदेखि नै प्रदर्शन भएको दोस्रो चलचित्र ‘मन बिनाको धन’ बालगायक अशोक दर्जीको जीवन र संघर्षलाई समेटेर तयार पारिएको छ । गायक दर्जीलाई सडकबाट उद्धार गरेर गायनसम्ममा साथ दिएका संगीतकार तथा गायक टंक बुढाथोकीले निर्देशन गरेको उक्त चलचित्रमा वर्तमान समाजमा मन र धनबीचको टकरावलाई चित्रण गर्दै गायक दर्जीको ‘जिरोबाट हिरो’ बन्ने यात्रालाई देखाइएको छ ।

# ‘राम नाम सत्य’को छायांकन सुरु

**चितवन/मस-** कोरियोग्राफरको रूपमा परिचित माइकल चन्दले आफ्नो निर्देशन यात्रा ‘राम नाम सत्य’बाट सुरुवात गरेका छन् । शुक्रबार चितवनको भरतपुर-११, जिरौनास्थित धर्मधाम कृष्ण मन्दिरमा क्यामेरा पूजा गरेर फिल्मको पहिलो दृश्य खिचिएको छ । यही मन्दिर परिसरबाट फिल्मको औपचारिक छायांकन आरम्भ भएको हो ।

निर्देशक चन्दका अनुसार फिल्मको करिब ८० प्रतिशत छायांकन चितवनमै हुने योजना छ । चितवनमा ४० दिनसम्म खिचाइ पूरा गरेर टोलीले हिमालपारिको मुस्ताङ जिल्ला जाने तयारी गरेको छ, जहाँ थप १० दिनको सेड्युल तय गरिएको छ ।

फिल्मका मुख्य पात्रमा अभिनेता सुशील श्रेष्ठ र दिव्या रायमाझी छन् । हाल उनीहरूलाई केन्द्रमा राखेर विभिन्न दृश्यहरू खिचिँदै छन् ।




यसैबीच, अभिनेता विराज भट्ट पनि छायांकनमा यसै सातादेखि जोडिने भएका छन् ।

निर्देशक चन्दले ‘राम नाम सत्य’लाई आफ्नो ‘ड्रिम प्रोजेक्ट’ भन्दै यसलाई एकै साथ एक्सन, सस्पेन्स र प्रेमकथाको मिश्रण रहेको फिल्मका रूपमा निर्माण गरिरहेको बताए ।

फिल्ममा विराज, सुशील र दिव्यासँगै आयुष सिंह ठकुरी, सुपुष्पा भट्ट, आशा पौडेल, खुशी कार्की, सुनिल थापा, प्रशान्त ताम्राकार, कनिज कोइराला, रवि गिरी, दिनेश डीसी, राजेन्द्र आचार्य, अर्जुन सुनार, रामेश्वर शाह लगायतका कलाकारको अभिनय रहनेछ । ‘टिकटक स्टार’ आयुष सिंह ठकुरी यसै फिल्मबाट फिल्म डेब्यु गर्दै छन् ।


## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रंगेली, मोरङ
कोशी प्रदेश, नेपाल

## गिट्टी, बालुवा, भरौट उत्खनन गरी बिक्री गर्ने कार्यको सूचना

**प्रथम पटक सूचना प्रकाशित भएको मिति २०८२/०७/२२**

यस रंगेली नगरपालिका क्षेत्र भित्र बग्ने निम्न खोलाहरुबाट गिट्टी, बालुवा र भरौट संकलन तथा उत्खनन गरी विक्रि गर्न तपशिल बमोजिम उल्लेखित न्यूनतम अंकमा नघटने गरि आ.व. ०८२/०८३ को लागि सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरु वा सप्लायर्स वा फर्महरु वा व्यक्तिबाट निम्न शर्तहरुको अधिनमा रही सामाग्री बिक्रि गर्ने कार्यको लागि रीतपूर्वक शिलबन्दी बोलपत्र आहवानको सूचना प्रकाशित गरिएको छ ।

१) बोलपत्र फारम खरिद गर्न इच्छुक व्यवसायीहरु वा सप्लायर्स सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. २०८२/०८३ को नविकरण तथा चालु आ.व. को लागि मान्यता प्राप्त भएको फर्म वा सप्लायर्सको प्रमाणपत्र, व्यवसाय ईजाजतपत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मु.अ. कर दर्ता प्रमाणपत्र (भ्याट) को विवरण पेश गरेका कागजात सहित पेश गर्नुपर्ने छ । साथै व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्र र स्थायी लेखा दर्ता नं. को प्रतिलिपि सहितको निवेदन पेश गर्नुपर्ने छ ।

२) बोलपत्र फाराम दस्तुर निम्नानुसार (फिर्ता नहुने गरी) नगद यस कार्यालयको नेपाल कृषि विकास बैंक शाखा रंगेलीमा रहेको रंगेली नगरपालिकाको राजश्व खाता नं. ग (१.१) ०६०१४०११५०२५७०११ मा जम्मा गरि जम्मा गरेको बैंक भौचर यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट फारम खरिद गर्न सकिनेछ ।

३) खरिद गरिएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिउँसो १२.०० बजे भित्र नगरपालिकाको कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं., बोलपत्र वालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई अनिवार्य रुपमा खामबन्दी गरी यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

४) दर्ता भएका शिलबन्दी बोलपत्रहरु नियमानुसार कार्यालयका प्रतिनिधिहरुको रोहवरमा सोही दिन दिनको २.०० बजे खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) शिलबन्दी बोलपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने काम हुनेछ ।

६) बोलपत्र सम्बन्धि कागजात दाखिला गर्दा बोलपत्र फारममा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनुवार्य रुपमा पेश गर्नुपर्ने छ ।

७) बोलपत्र फारम पेश गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । साथै केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ ।

८) शिलबन्दी बोलपत्र साथ जमानत वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको कृषि विकास बैंक शाखा रंगेलीमा रहेको रंगेली नगरपालिकाको ग (३.१) धरौटी खाता नं. ०६०१४०११५०२५७०७९ मा जम्मा गरि जम्मा गरेको बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (खोलिने दिन देखि) जमानी पत्र समावेश भएको हुनु पर्नेछ ।

९) ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकम एकमुष्ठ बुझाएमा प्रचलित कानून बमोजिम औचित्य हेरी १० (दश) प्रतिशत सम्म छुट दिन सकिनेछ । एकमुष्ठ रकम नबुझाई किस्तामा रकम बुझाउनेको हकमा ठेक्का अंकलाई तीन किस्तामा विभाजन गरिनेछ । पहिलो किस्ता रकम ठेक्का अंकको ५० प्रतिशत र अन्य दुई किस्ता २५ प्रतिशत/२५ प्रतिशतमा विभाजन गरिने छ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ र दोस्रो र अन्तिम किस्ता बराबरको बैंक ग्यारेन्टी कार्यालयमा बुझाउनु पर्नेछ ।

१०) निर्माण सामग्री उत्खनन गर्दा स्वीकृत IEE च्भउयचत अनुसार निकाल्नु पर्नेछ । तोकिए बमोजिम पुलमा, संरक्षण क्षेत्र, राजमार्ग, बाटो आदिबाट ५००/५०० मि. दायाँ बायाँ बाहिरबाट र खोलाको किनारको दुवै पट्टि १५/१५ मि. किनारा छाडी निकाल्नु पर्नेछ ।

११) खोलाजन्य सामग्री उत्खनन गर्दा Heavy–Equipment प्रयोग गर्न पाईने छैन तर कतिपय स्थानमा मेसिनको प्रयोग बिना उत्खनन गर्न नसकिने अवस्था भएमा नगरको पूर्व स्विकृति लिएर मात्र Heavy–Equipment प्रयोग गर्न सकिने छ ।

१२) विदेशी मित्र राष्ट्रबाट सोझै संचालन हुने आयोजनाका निमित प्रयोग हुने गिट्टी, बालुवा र भरौट जस्ता सामाग्रीको हकमा नेपाल सरकार सँग गरेको सम्झौतामा स्थानीय कर लिन नपाउने उल्लेख रहेछ भने सोमा कर लिन पाईने छैन ।

१३) कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४) कर शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयंले गर्नुपर्नेछ । नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१५) यस नगरपालिकाले तोकेको स्थानमा मात्र उत्खनन् केन्द्र राखी कर असूल गर्नुपर्नेछ । सवारी आवगमनलाई अवरोध हुने गरि ढाट राख्न पाईने छैन ।

१६) यस ठेक्कको अवधि सम्झौता भएको मिति देखि २०८२ साल जेष्ठ मसान्त सम्म कायम हुनेछ ।

१७) बोलपत्र फारम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ । बोलपत्र सम्बन्धी थप बुझ्नु परेमा कार्यालयमा सम्पर्क गर्नुपर्ने छ ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | सामानको विवरण | उत्खनन हुने परिमाण | | | धरौटी रकम (न्यूनतम) | न्यूनतम लई अंक (भ्याट र कन्टिण्जेन्सी बाहेक) | फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| | | | बालुवा | भरौट | गिट्टी | | | |
| १ | एन.सि.बी. १५/८२/८३ | रंगेली नगरपालिका भित्र लोहन्द्रा खोलाको लोहोन्द्रा खोलाको सगरदिना, लिम्बु, विन र यादव घाटबाट गिट्टि बालुवा तथा भरौट संकलन तथा विक्रि गर्ने कार्य | ३,१७,८६७।०५ क्यु.फु. | २,७७,५१३।६५ क्यु.फु. | १६,०२१।८२ क्यु.फु. | १,९५,९९३।०० | ३९,१९,८५०।३३ | ३००० |
| २ | एन.सि.बी. १६/८२/८३ | चिसाङ तथा डास बक्राहा खोलाको भण्डारी,धन बहादुरको घर पश्चिम,चौवनी, संसारी माई उत्तर, आर्यघाट दक्षिण चिसाङ, बक्राह पुर्व, करवोला(चोप्राहा, आमतोला) र बनकोल घाट बाट बालुवा तथा भरौट संकलन तथा विक्रि गर्ने कार्य | १,२८,२०७।२६ क्यु.फुट | ६,८७,४४२।२४ क्यु.फुट | - | २,०५,९५८।०० | ४१,१९,१४८।१७ | ३००० |

**प्रमुख प्रशासकीय अधिकृत**


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: **मदनकुमार श्रेष्ठ** सम्पादक: **जनक नेपाल**